का.जि.प्र.का.द.नं. १००/०५९/६०

२० कात्तिक २०७९,
आइतबार
6 November 2022,
Sunday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक २६० । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com




# दाबी फरक एजेण्डा उस्तै

घोषणापत्रमा दलहरुले मतदातालाई आकर्षित गर्नेगरी विभिन्न विकास निर्माणका योजनादेखि तत्काल राहत दिनेगरी वितरणमुखी कार्यक्रमको घोषणा गरेका छन्, तर अधिकांश एजेण्डा भने मिल्दो छ । अर्थात् सार्वजनिक अभिव्यक्तिमा जस्तो दाबी भएपनि घोषणापत्रमा नौलोपन भेट्न मुस्किल पर्छ ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १९ कात्तिक

शैक्षिक प्रमाणपत्र धितो राखेर ऋण, 'एक घर, एक रोजगारी' लगायतका लोकप्रिय नारा समेटेर जनता समाजवादी पार्टी जसपाले घोषणापत्र सार्वजनिक गरेको छ । शनिवार सार्वजनिक घोषणापत्रमा मुलुकमा प्रशस्त रोजगारीका अवसरहरू सिर्जना हुने गरी आर्थिक नीति तय गर्ने बताएको छ ।

घोषणापत्रमा लेखिएको छ- नागरिकहरूलाई गाँस, बास र कपासको व्यवस्था गर्न एक परिवार एक रोजगारको नीति अवलम्बन गर्ने र वैदेशिक रोजगारमा जानुअघि कामदारलाई आवश्यक सीपमूलक तालिम दिने व्यवस्था गर्छौं । यस्तै नारा समेटेर यसअघि नै नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी लगायतका दलका घोषणापत्र सार्वजनिक भइसकेका छन् ।

चुनावी घोषणापत्र लिएर राजनीतिक दल र उम्मेदवारहरु चुनावी प्रचारमा छन् । ठाउँ अनुसार प्रतिवद्धताहरु फरक फरक छन् तर, आरोप प्रत्यारोपमा शीर्ष उस्तै शैली उस्तै छन् । दल र उम्मेदवारका चुनावी एजेण्डाहरु पनि उस्तै लाग्छन् ।

नेकपा एमालेले दुई वर्षभित्र विद्यार्थी भर्नादर शतप्रतिशत पुर्याउने र शिक्षकलाई जीवन जिउन पुग्ने तलव सुविधा दिने घोषणा गर्दा कांग्रेसले गुणस्तरीय शिक्षामा सबैको पहुँच पुर्याउने भनेको छ । कांग्रेसले उच्च शिक्षा अध्ययनमा ऋण दिने र एक विद्यालय एक दलित शिक्षक राख्ने भनेको छ । माओवादी केन्द्रले १२ कक्षासम्मको शिक्षा निःशुल्क र अनिवार्य गर्ने, १२ कक्षा पास गरेको कुनै पनि विद्यार्थी बेरोजगार बन्न नपर्ने गरी पाठ्यक्रममा परिवर्तन घोषणा गरेको छ ।

एमालेले स्थानीय तहमा शिलान्यास भएका ५, १० र १५ शय्याका ३९६ वटा आधारभूत अस्पताल निर्माण २ वर्षभित्र निर्माण सक्ने संकल्प गरेको छ । ६० वर्ष भन्दा माथिका नागरिकका लागि उच्च रक्तचाप र मधुमेह रोगको निःशुल्क परीक्षण तथा औषधि उपलब्ध गराउने एमालेको प्रतिबद्धता छ । कांग्रेसले ३ वर्षमुनि र ७३ वर्ष माथिका नागरिकलाई निःशुल्क उपचार गर्ने घोषणा गरेको छ । माओवादीले हरेक पालिकामा आधारभूत अस्पताल निर्माण गर्ने, प्रदेशस्तरमा ठूलो क्षमताका विशिष्टीकृत सेवाका अस्पतालहरू निर्माणगर्ने योजना घोषणापत्रमा समेटेको छ ।

एमालेले कुनै पनि नागरिक आवासविहीन नहुने बताएको छ । २७ नयाँ शहर, १८ स्मार्ट सिटी र २५ शहरको आधुनिक शहरी पूर्वाधार निर्माण गर्ने पनि एमालेले बताएको छ । कांग्रेसले मध्यपहाडी लोकमार्ग र हुलाकी राजमार्गका नयाँ शहरलाई आधुनिक सुविधा सम्पन्न बनाउने घोषणा गरेको छ, उसले प्रत्येक घरमा बिजुली, प्रत्येक घरमा पक्की छानाको नारा दिएको छ । माओवादीले सहरी विपन्न नागरिक, जेष्ठ नागरिक र असहायका लागि सामुदायिक आवास निर्माण गर्ने, प्रमुख सहरमा कम्तीमा एउटा नमुना सामुदायिक आवास निर्माण गर्ने घोषणा गरेको छ ।

नेकपा एमालेले निर्माणाधीन राजमार्गहरुको काम सक्ने, सडकलाई खाल्डारहित र फोहोररहित बनाउने घोषणा गरेको छ । कांग्रेसले आधा घण्टा भित्र पक्की सडकको पहुँचमा पुग्ने जनसंख्या ७५ प्रतिशत पुर्याउने र राष्ट्रिय गौरवका सबै निर्माणाधीन आयोजना सम्पन्न गर्ने घोषणा गरेको छ । माओवादीले काठमाडौं उपत्यका र अन्य शहरका चक्रपथको स्तरोन्नती र बाहिरी चक्रपथको निर्माण सँगसँगै गर्ने बताएको छ ।

नेकपा एमालेले ५ वर्षभित्र निजगढ विमानस्थल निर्माण सक्ने भनेको छ । कांग्रेसले विराटनगर र नेपालगञ्ज विमानस्थललाई क्षेत्रीय विमानस्थलका रुपमा विस्तार गर्ने र प्रयोगमा नआएका विमानस्थल तथा खाली जग्गालाई पर्यटकीय गतिविधिमा प्रयोग गर्ने घोषणा गरेको छ । माओवालीले अदालतको निर्देशनलाई सम्मान गर्दै निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माण अगाडि बढाउने बताएको छ । नेकपा एमालले आगामी ५ वर्षभित्र वार्षिक २५ लाख, कांग्रेसले २० लाख र माओवादी केन्द्रले ३० लाख पर्यटक भित्र्याउने घोषणा गरेका छन् ।

नेकपा एमालेले २ वर्षमा सबै नेपालीको घरमा विद्युतको पहुँच पुर्याउने घोषणा गरेको छ । कांग्रेसले आगामी ५ वर्षमा १० हजार मेगावाट विद्युत उत्पादन गर्ने र वार्षिक विद्युत खपत प्रतिव्यक्ति ७०० युनिट पुर्याउने घोषणा – बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

## यूएईमा डाक्टर, नर्सहरुले सिधै कामका लागि आवेदन गर्न सक्ने

**सुरिन भुजेल/मध्यान्ह**
यूएई, १९ कात्तिक

पर्यटन व्यवसायका माध्यमबाट आफ्नो अर्थतन्त्रको उच्चतम विकास खोजिरहेको यूनाइटेड अरब इमिरेट्स (यूएई) ले विश्वभरबाट दक्ष स्वास्थ्यकर्मी जनशक्ति आपूर्तिका लागि विशेष व्यवस्थाको शुरुवात गरिएको बताएको छ ।

चिकित्सक तथा नर्सजस्ता व्यावसायिक जनशक्तिको आपूर्तिमा सहजता ल्याउन अबुधाबी स्वास्थ्य विभागले नयाँ प्लेटफर्म शुरुवात गरेको बताएको छ । विभागले 'कावाडेर' नामको अनलाइन एप्लिकेसन (एप्स) सार्वजनिक गर्दै उक्त एप्लिकेसनमार्फत इमिरेट्स भर मेडिकल क्षेत्रमा रहेका आवश्यकता अर्थात् 'डिमाण्ड' पत्ता लगाउन सकिने बताएको छ ।

यूएईमा अस्पताल र क्लिनिकहरू जस्ता चिकित्सा प्रतिष्ठानहरूमा माग हुने विदेशी जनशक्तिको डिमाण्ड उक्त एप्सबाट जानकारी लिई सोझै निःशुल्क आवेदन गर्न सकिने बताइएको छ । स्वास्थ्य सेवा क्षेत्रमा केन्द्रित 'कावाडेर' एप्लिकेसन विश्वभरका प्रतिभायुक्त जनशक्तिका लागि आकर्षण र नयाँ प्लेटफर्म भएको अबुधाबी स्वास्थ्य विभागको दाबी छ ।

वेबसाइटमार्फत इच्छुक आवेदकहरूले प्रयोगकर्ताको रुपमा दर्ता भई जनरल फिजिसियन, विशेषज्ञ चिकित्सक, नर्स र अन्य चिकित्सा जनशक्तिले रोजगारी खोजी गर्न – बाँकी पृष्ठ २ मा

### वैदेशिक रोजगारमा जानुअघि अनिवार्य तालिम : जसपा

काठमाडौं/रासस- जनता समाजवादी पार्टी नेपालले प्रत्येक घरपरिवारलाई आर्थिक रुपमा सम्पन्न बनाउन 'एक परिवार, एक रोजगार'को नीति अवलम्बन गर्ने प्रतिबद्धता व्यक्त गरेको छ । प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचन-२०७९ का लागि आज प्रतिबद्धतापत्र सार्वजनिक गर्दै जसपाले मुलुकमा प्रशस्त रोजगारीका अवसर सिर्जना हुने गरी आर्थिक नीति तय गर्ने जनाएको हो । श्रम संस्कृतिलाई प्रोत्साहित गर्ने, वैदेशिक रोजगारमा जानुअघि श्रमिकलाई – बाँकी पृष्ठ २ मा

जसपाको घोषणापत्र

# संविधानमै असन्तुष्टि

नेपालको संविधानलाई एमाले, कांग्रेस र माओवादीको बलमा ल्याइएको दस्ताबेज मात्रै भनेर जसपाले घोषणापत्रमार्फत संविधान संशोधनको आवश्यकतामा जोड दिएको हो ।

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, १९ कात्तिक

जनता समाजवादी पार्टी (जसपा) ले चुनावी घोषणापत्र ल्याएको छ । ४ मंसिरको प्रदेशसभा र प्रतिनिधिसभा चुनावका लागि ल्याएको घोषणापत्र मार्फत जसपाले संविधानप्रतिको विगतको असन्तुष्टिलाई निरन्तरता दिएको छ ।

नेपालको संविधानलाई कांग्रेस, एमाले र माओवादीको बलमा ल्याइएको दस्तावेज मात्रै भनेर जसपाले आरोप लगाएको छ । संविधान संशोधन गर्नु आवश्यक भएको बताएको जसपाले आगामी निर्वाचनको घोषणापत्र सार्वजनिक गर्दै संविधान संशोधनको आवश्यकतामा जोड दिएको हो ।




घोषणापत्रमा भनिएको छ- नेपालको संविधान मूलतः नेपाली काँग्रेस, नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) ले बहुमतको बलमा जारी गरेको दस्तावेज हो । संविधान जारी गर्दाको बखत सिङ्गो देश दुई कित्तामा विभाजन भयो । यस संविधानमा प्रमुख दलहरूले पहिचान र सामर्थ्यताका आधारमा राज्य पुनर्संरचना गर्ने आफैँले घोषणा गरेका तथा पहिलो संविधानसभाले पारित गरेका पुनर्संरचनाका आधारहरूलाई उल्ट्याएका छन् । तिनीहरूले संविधानसभाको निर्वाचनमा जनताका बीच मत माग्दा पहिचान र सामर्थ्यताको आधारमा राज्यको पुनर्संरचना गर्ने प्रतिबद्धतासहित घोषणापत्र जारी गरेका थिए ।

आफ्नो बहुमत भएपछि तीन वटै प्रमुख दलहरू मिलेर आफ्नो घोषणापत्रको विपरीत गएर संविधान जारी गरेको उल्लेख गरेको छ । यो संविधानले मुलुकको संघीय संरचना र समावेशी लोकतन्त्रको आधारभूत मान्यताहरूलाई अभिव्यक्त गर्न सकेको उल्लेख गरेको छ । यसले केवल प्रशासनिक संघीयताको पक्षपोषण गरेको आरोप लगाए। मुलुकको विद्यमान शासकीय स्वरुप, निर्वाचन प्रणाली तथा न्याय प्रणालीलाई यथावत् राखेर संघीय समाजवादी व्यवस्थाको आधारशिला खडा गर्न नसक्ने उल्लेख गरेको छ ।



> राजनीतिक लोकतन्त्र, आर्थिक लोकतन्त्र, सामाजिक तथा सांस्कृतिक लोकतन्त्र, पर्यावरणीय लोकतन्त्रलाई संस्थागत गर्दै सामाजिक न्याय स्थापित गर्नका लागि संविधान संशोधन/परिमार्जन अपरिहार्य छ ।
>
> **उपेन्द्र यादव**
> अध्यक्ष, जसपा

घोषणापत्रमा भनिएको छ- शासकीय स्वरूपमा परिवर्तन, सङ्घीय संरचनाहरूको निर्माण, न्याय प्रणालीलाई संघीय स्वरूपमा पुनर्संरचना गर्न, संवैधानिक निकायहरूलाई बलियो बनाउन, जनलोकपाल जस्ता निकायहरूको गठन गर्न, उत्पीडित समुदायको हक, अधिकार र पहिचानलाई सुनिश्चित गर्न, नागरिकतामा विद्यमान लैङ्गिक विभेद अन्त्य गर्न, धर्मनिरपेक्षताको व्याख्यालाई स्पष्ट पार्न, समावेशी लोकतन्त्रका आधारभूत पक्षहरू जस्तैः राजनीतिक लोकतन्त्र, आर्थिक लोकतन्त्र, सामाजिक तथा सांस्कृतिक लोकतन्त्र, पर्यावरणीय लोकतन्त्रलाई संस्थागत गर्दै सामाजिक न्याय स्थापित गर्नका लागि संविधान संशोधन/परिमार्जन अपरिहार्य छ ।

निकासका लागि जसपाले प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति र प्रदेशहरूमा प्रत्यक्ष निर्वाचित मुख्यमन्त्रीको मुद्दा अगाडि सारेको छ । जसपाको घोषणापत्रमा संघमा प्रत्यक्ष निर्वाचित राष्ट्रपति र प्रदेशमा प्रत्यक्ष निर्वाचित मुख्यमन्त्रीको सरकार गठन हुनुपर्ने भनिएको छ ।

जसपाले संघमा सरकार निर्माण गरेमा प्रत्यक्ष निर्वाचित राष्ट्रपति र प्रदेशहरूमा प्रत्यक्ष निर्वाचित मुख्यमन्त्रीको व्यवस्था गर्ने घोषणापत्रमा उल्लेख गरेको छ । 'प्रत्यक्ष तथा सहभागितामूलक समावेशी लोकतन्त्रको मान्यताअनुरूप संघमा बालिग मताधिकारमा आधारित जनताद्वारा निर्वाचित कार्यकारी राष्ट्रपति हुने व्यवस्था गर्ने,' जसपाको घोषणापत्रमा लेखिएको – बाँकी पृष्ठ २ मा

चुनावी सुरक्षा

# निगरानीमा २३ समूह

सरकारको निगरानीमा २३ समूह परेका छन् । उनीहरुका गतिविधि नै मुख्य चुनावी सुरक्षा चुनौतीका रुपमा रहेको गृह मन्त्रालयको निष्कर्ष छ ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १९ कात्तिक

गृह मन्त्रालयले चुनावी सुरक्षा चुनौतीका रुपमा बिभिन्न समूहका गतिविधि रहेको बताएको छ । सोही अनुसार मुख्यत चुनावमा भाग नलिएका २३ समूहका गतिविधि निगरानीमा रहेको बताइएको छ ।

गृह मन्त्रालयका अनुसार मंसिर ४ गते हुने प्रदेश सभा र प्रतिनिधिसभा निर्वाचन बिथोल्नका लागि देशभर २३ वटा समूह सक्रिय छन् । उनीहरुका गतिविधि नै मुख्य चुनावी सुरक्षा चूनौतीका रुपमा रहेको गृह मन्त्रालयको निष्कर्ष छ ।

विराटनगरमा आयोजित प्रदेशस्तरीय सुरक्षा गोष्ठीमा गृह मन्त्रालयका गृहमन्त्रालयका प्रवक्ता फणिन्द्र पोखरेलले निर्वाचनको सबै तयारी पूरा भइसकेको, तर बहिष्कारदेखि लिएर चुनावलाई शान्तिपूर्ण रूपमा सम्पन्न गर्न नदिन विभिन्न २३ समूह सक्रिय रहेको बताएका छन् । २३ समूह मध्ये कुनै समूहमा ५-७ जना मात्रै त कुनै समूहमा धेरै संख्या रहेको उनले बताएका छन् ।

मुख्यतः नेत्रविक्रम चन्द विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी सहितका राजनीतिक दलले आगामी




मंसिर ४ मा हुन गइरहेको आम निर्वाचनमा भाग नलिने बताएका हुन् । विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी, ऋषि कट्टेल नेतृत्वको नेकपा र वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टीले निर्वाचन बहिष्कार गर्ने जानकारी दिएका हुन् ।

निर्वाचनले समाजवादमा पुग्न मद्दत नगर्ने भएकाले त्यसलाई भण्डाफोर गर्दै बिथोल्ने गरी अभियान चलाउने निर्णय उनीहरुको छ । उक्त भण्डाफोर अभियानमा सरकारले दमन गरे त्यसको प्रतिकार गर्ने चेतावनी समेत दिइएको छ । यस अभियानमा सामना परिवारले जनसांस्कृतिक अभियान समेत चलाउने भनिएको छ ।

नेकपाले भण्डाफोर अभियान चलाउने र चुनाव बिथोल्ने निर्णय गरेको भोलिपल्टै अर्थात् कात्तिक १६ गते अन्य साना कम्युनिस्ट पार्टीहरूले पनि निर्वाचन बिथोल्ने निर्णय गरेका हुन् ।

नेपाल कम्युनिस्ट पार्टीका महासचिव विप्लव, नेपाल कम्युनिस्ट पार्टीका अध्यक्ष ऋषि कट्टेल र वैज्ञानिक समाजवादी पार्टीका महासचिव आहुतिको तर्फबाट जारी संयुक्त विज्ञप्तिमा दलाल पुँजीवादी संसदीय सरकारले आफ्नो व्यवस्था टिकाइराख्न मङ्सिर ४ गते गर्न लागेको संघ र प्रदेशको निर्वाचन बहिष्कार र खारेजी गर्ने निर्णय गरेको बताइएको छ । – बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगारमा जान चाहनेहरुको लागि
तालिम खुल्यो
कुक, वेटर, क्लिनर, केयर गिभर, हाउसमेड र सेक्युरिटी गार्ड
विगत १७ वर्ष देखि सञ्चालित नेपाल सरकार श्रम मन्त्रालय तथा CTEVT द्वारा तालिम दिन मान्यता प्राप्त संस्था
माउन्टेन मल्टिपल ट्रेनिङ सेन्टर, बसुन्धारा चौकीबाट १०० मि.भित्र, फोन नं: ०१-४९८७४०५

मध्यान्ह
www.madhyanhadaily.com
२० कार्तिक २०७९, आइतबार
6 November 2022, Sunday

# सीमा विवाद कूटनीतिक माध्यमबाट समाधान हुन्छः देउवा

**डडेल्धुरा/मस–** प्रधानमन्त्रीसमेत रहेका नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले नेपाल-भारतबीच रहेका सीमा विवाद कूटनीतिक सम्बन्ध र वार्ताका माध्यमबाट समाधान गरिने प्रतिबद्धता व्यक्त गरेका छन्। डडेल्धुराको अजयमेरु गाउँपालिका-२ भद्रपुरमा शनिबार आयोजित संयुक्त वाम-लोकतान्त्रिक गठबन्धनको चुनावीसभालाई सम्बोधन गर्ने क्रममा प्रधानमन्त्री देउवाले भने, 'भाषणले सीमा विवाद समाधान हुँदैन, सार्थक कूटनीतिक पहलबाट समस्या समाधान हुन्छ।'



चीनसँगका सीमा विवाद पनि कूटनीतिक पहलकै आधारमा समाधान हुने विश्वास व्यक्त गर्दै उनले भने, 'भाषणले भूमि फिर्ता हुँदैन, त्यसका लागि कूटनीतिक पहल आवश्यक हुन्छ, त्यो हामी गरिरहेका छौं।' राजनीतिक जीवनको सुरुआतबाट नै सुदूरका हरेक जिल्ला र नेपाली भूमिबारे आफू जानकार रहेको उल्लेख गर्दै उहाँले नक्सा, सीमा सम्झौताका आधार र तथ्यमा टेकी वार्ताबाट नेपाली भूमि फिर्ता ल्याउने बताए।

बिहीबारदेखि गृहजिल्लामा रहेका देउवाले शनिबार दुई चुनावीसभालाई सम्बोधन गरे। जिल्लाको अजयमेरुको भद्रपुर र भागेश्वरको रुपालको चुनावीसभालाई सम्बोधन गर्ने क्रममा उनले आफू सुदूरपश्चिमको स्थायीवासी भएकाले पनि यहाँको भूमि, विकास निर्माण, आर्थिक समृद्धिका बारेमा आफूलाई बढी चिन्ता हुने दाबी गरे। प्रधानमन्त्री देउवाले डडेल्धुरासहित सुदूरपश्चिमको सम्पूर्ण विकासका लागि आफू निरन्तर लागिपरेको उल्लेख गर्दै भौतिक र सामाजिक विकास अगाडि बढेको र अब आर्थिक समृद्धिका लागि पहल भइरहेको स्पष्ट पारे।

उनले भने, 'शिक्षामा सुधार ल्याउन मेडिकल कलेज र आधुनिक प्राविधिक शिक्षामा जोड दिन्छु। पश्चिमसेती, विमानस्थल, ग्रामीण सडकको स्तरोन्नति र कालोपत्रलगायत सिँचाइ, खानेपानी र विद्यालय निर्माणजस्ता विकासका कुरा अगाडि बढेको छ।'

## सर्लाही डायरी
एस.पी.गौरब/मध्यान्ह

### निर्वाचनमा निष्पक्ष भएर कलम चलाउन आग्रह

निर्वाचनमा निष्पक्ष भएर कलम चलाउन सर्लाहीका मुख्य निर्वाचन अधिकृत कविप्रसाद न्यौपानेले सञ्चारकर्मीहरुलाई आग्रह गरेका छन्। जिल्ला निर्वाचन कार्यालय सर्लाहीले शनिबार आयोजना गरेको 'निर्वाचनमा सञ्चारमाध्यमको भूमिका' विषयक अभिमुखिकरण कार्यक्रममा मुख्य निर्वाचन अधिकृत न्यौपानेले निष्पक्ष र न्यायापूर्ण ढङ्गले रिपोर्टिङ गर्न जिल्लाका सञ्चारकर्मीसँग आग्रह गरेका हुन्। राज्यको चौथो अङ्गका रुपमा रहेका सञ्चारकर्मीले निष्पक्ष भएर सकारात्मक किसिमले समाचार प्रकाशन तथा प्रशारण गर्दा समाजमा पनि सकारात्मक सन्देश प्रवाह हुने बताए।





मंसिर ४ गतेको निर्वाचनलाई सफलतापूर्वक सम्पन्न गर्न आफूहरु रातदिन नभनी लागिपरिरहेको बताए। मतदान सम्पन्न भएपछि हुने मतगणनाको निष्पक्षताबारे कुनै शंका नगर्न पनि उनले आग्रह गरेका छन्।

त्यस्तै, कार्यक्रममा सर्लाहीका प्रमुख जिल्ला अधिकारी थानेश्वर गौतमले निर्वाचनलाई शान्तिपूर्ण ढङ्गले सम्पन्न गर्न सोही अनुसारको तयारीमा लागिरहेको बताए। सर्लाही क्षेत्र नं. १ का निर्वाचन अधिकृत प्रदीपकुमार उपाध्याय र क्षेत्र नं. ३ का निर्वाचन अधिकृत वशिष्ठकुमार घिमिरेले पनि आ-आफ्नो निर्वाचन क्षेत्रको चुनावी तयारीबारे जानकारी गराएका थिए। क्षेत्र नं. ४ का निर्वाचन अधिकृत शम्भुप्रसाद बरालले ८४ वटै मतदानस्थलमा शान्तिपूर्ण किसिमले मतदान गराउन लागिपरेको जानकारी दिए।

### ५ किलो गाँजासहित एक जना पक्राउ

सर्लाहीको बागमती नगरपालिका ११ स्थित पूर्वपश्चिम लोकमार्गबाट प्रहरीले लागुऔषध गाँजासहित १ जनालाई पक्राउ गरेको छ। ईलाका प्रहरी कार्यालय हरिवनबाट खटिएको प्रहरीको संयुक्त चेकिङ टोलीले सवारी चेकजाँच गर्ने क्रममा ५ किलो लागुऔषध गाँजासहित १ जनालाई पक्राउ गरेको ईलाका प्रहरी कार्यालय हरिवनका प्रहरी प्रमुख प्रहरी निरीक्षक मुकेश ताम्राकारले जानकारी दिए।

उनका अनुसार पूर्वबाट पश्चिमतर्फ जाँदै गरेको बा.४७ प.९८१७ नं. को मोटरसाइकललाई चेकजाँच गर्ने क्रममा उक्त मोटरसाइकलका चालक सिन्धुली मरिण गाउँपालिका ३ बरुणका अन्दाजी २४ वर्षीय दोर्जे मोक्तानको झोलामा खनतलासी गर्दा करिब ५ किलो लागुऔषध गाँजा बरामद भएको हो। बरामद गरिएको गाँजासहित मोक्तान र मोटरसाइकल नियन्त्रणमा लिई थप अनुसन्धान कार्य शुरु गरिएको प्रहरीले जनाएको छ।

### चुनावी प्रचारमा भारतीय गाडीको प्रयोग

सर्लाहीमा भारतीय नम्बर प्लेटका साना सवारीसाधनको चुनावी कार्यक्रममा प्रयोग भएको पाइएको छ। आगामी मंसिर ४ गते हुने प्रदेशसभा तथा प्रतिनिधिसभा निर्वाचनको प्रचार-प्रसारमा रहेका उम्मेदवारहरुले भारतीय नम्बर प्लेटका सवारी साधनहरुको प्रयोग गरेका हुन्।

भारतीय नम्बर प्लेटका सवारी साधनको भाडा कम पर्ने तथा सहज रुपमा उपलब्ध हुने भएकाले प्रयोग बढेको स्थानीयले बताएका छन्। भारतसँग सीमा जोडिएको सर्लाहीका हरेक निर्वाचनमा भारतीय सवारीसाधनहरु कै प्रयोग हुने गरेको छ। जिल्लाका अधिकांश स्थानीयले समेत भारतीय नम्बर प्लेटका सवारीसाधनहरु घरमा राख्ने गरेका छन्।

पार्टीको झण्डा हालेर गाडी कुदाउँदा ट्राफिक प्रहरीले चेकिङसमेत नगर्ने र भाडासमेत सस्तो पर्ने भएका कारण आफूले भारतीय नम्बरको गाडी प्रयोगमा ल्याएको उम्मेदवार हरुले नै बताउने गरेका छन्।

सर्लाहीका कुनै पनि उम्मेदवारहरुले निर्वाचन प्रचार प्रसारका लागि सवारी पास नलिएका र केही सवारी पास तयार पारिएको भएपनि उम्मेदवारहरु लिन नआएका मुख्य निर्वाचन अधिकृत एवं सर्लाही २ का निर्वाचन अधिकृत कविराज न्यौपानेले बताए।

साथै पास वितरण गर्दा भारतीय नम्बर प्लेटका सवारी साधनहरुको पास दिन नमिल्ने र त्यस प्रकारका सवारीसाधनहरु चलाएमा निर्वाचन आचारसंहिता विपरित हुने मुख्य निर्वाचन अधिकृत न्यौपानेले बताए। साथै उम्मेदवारहरुले प्रचार प्रसारमा भारतीय नम्बरका सवारीसाधनहरु चलाएको विषयमा कुनै जानकारी पनि नआएको उनले बताए।

## करका दरमा गरिएको परिवर्तन बदर गर्न निर्देशन

**काठमाडौं/मस–** निर्वाचन आयोगले गण्डकी प्रदेश सरकारलाई करका दर परिवर्तन गरेकोबारे २४ घण्टाभित्र बदर गरी सोको जानकारी यथाशक्य चाँडो उपलब्ध गराउन निर्देशन दिएको छ। निर्वाचन आचारसंहिता लागू भइसकेको अवस्थामा प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी करका दरहरू परिवर्तन गरेको देखिएको भन्दै आयोगले स्पष्टीकरण सोधेको थियो। आयोगले गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई निर्णय बदर गरी जानकारी गराउन निर्देशन दिएको छ। 'गण्डकी प्रदेश सरकारले २०७९/०६/२७ गतेको प्रदेश राजपत्र खण्ड-५, सङ्ख्या ५ मा सरकारले विभिन्न करका दरहरूमा छुट दिने गरी सूचना प्रकाशन गरेको देखिएको', स्पष्टीकरणपत्रमा उल्लेख गरिएको छ। निर्वाचनको सम्मुखमा आचारसंहिता लागू रहेको अवस्थामा यस प्रकारबाट करको दरमा छुट दिनेजस्ता नीतिगत निर्णय गरी कार्यान्वयन गर्दा निर्वाचनको स्वच्छता र निष्पक्षतालाई असर पर्नुका साथै सो कार्य निर्वाचन आचारसंहिता, २०७९ को दफा ५ को खण्ड (ख) को विपरीतसमेत देखिएको पत्रमा उल्लेख गरिएको छ।

गण्डकी प्रदेश सरकारबाट करका दरहरूमा हेरफेर गर्ने गरी भएको निर्णय निर्वाचन आयोग ऐन, २०७३ को दफा २३ को उपदफा (२) बमोजिम करको दरमा हेरफेर गर्ने निर्णय प्रक्रियामा संलग्न गण्डकी प्रदेशका मुख्यमन्त्री, अर्थमन्त्री, प्रमुख सचिव र अर्थ मन्त्रालयका सचिवलाई समेत छुट्टाछुट्टै स्पष्टीकरण सोधिएको छ।

## निर्वाचनमा सीमा बन्द हुने



**भैरहवा/मस–** मंसिर १ गते राति १२ बजेदेखि ४ गते राति १२ बजेसम्म नेपाल-भारत सीमा बन्द हुने भएको छ। शनिबार रुपन्देहीमा बसेको नेपाल-भारत सीमावर्ती जिल्लाका उच्च सुरक्षा अधिकारीहरुको बैठकले सीमा बन्द गर्ने निर्णय गरेको हो। जिल्ला प्रशासन कार्यालय रुपन्देहीका सूचना अधिकारी रामचन्द्र अर्यालले मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनलाई लक्षित गरी दुबै देशका उच्च सुरक्षा अधिकारीहरुको बैठकले सीमा बन्द गर्ने निर्णय गरेको जानकारी दिए।

निर्वाचनलाई स्वचछ, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्नका लागि सीमावर्ती सुरक्षा समस्याहरुलाई सम्बोधन गर्न बैठकमा सीमावर्ती क्षेत्रमा दुबै पक्षबाट कानूनको परिपालना गराउने, सबै प्रकारका गैरकानूनी कार्य नियन्त्रणका लागि तत्काल सूचना आदानप्रदान गर्ने निर्णय भएको उनले बताए।

साथै सीमा क्षेत्रमा हुने हातहतियारको तस्करी, लागुऔषध ओसारपसार, मानव बेचबिखनका विषयमा जनचेतनाका कार्यक्रम सञ्चालन, निगरानी तथा सुरक्षा उपायहरु अपनाउने, जाली नोट नियन्त्रण लगायतका साझा सवालमा निर्णय भएको अर्यालले बताए। साथै उक्त निर्णय दुबै पक्षबाट कार्यान्वयन गर्ने प्रतिबद्धतासमेत बैठकमा भएको छ। नेपालका तर्फबाट जिल्ला प्रशासन कार्यालय, रूपन्देही कपिलवस्तु र नवलपरासी पश्चिमका प्रमुख जिल्ला अधिकारीसहित सुरक्षा प्रमुखहरु र भारतका तर्फबाट सिद्धार्थनगर र महाराजगञ्ज जिल्लाका प्रमुख, सुरक्षा प्रमुख लगायतको उपस्थिति थियो।

## स्कारपियोको ठक्करबाट बालिकाको मृत्यु

**सर्लाही/मस–** सर्लाहीको गोडैता नगरपालिकामा स्कारपियोको ठक्करबाट बालिकाको मृत्यु भएको छ। क्षेत्र नम्बर ४ स्थित गोडैता नगरपालिका -१ बहादुरपुरमा शनिबार साँझ चुनावी प्रचारको विएल ४ सिए ०१९७ नम्बरको भारतीय गाडीको ठक्करबाट २ वर्षीय नेहा पासवानको मृत्यु भएको प्रहरीले जनाएको छ।

राष्ट्रिय प्रजातन्त्र पार्टीको तर्फबाट प्रतिनिधिसभा सदस्यका उम्मेदवार महेश महतो कुशवाहाको ब्यानर लगाइएको स्कारपियोले ठक्कर दिएको स्थानीयले बताएका छन्। मृतक बालिकाको शव पोष्टमार्टमका लागि प्रादेशिक अस्पताल मलंगवा पठाइएको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रहरी प्रमुख प्रहरी उपरीक्षक प्रविण पोखेलले जानकारी दिए। उनका अनुसार ठक्कर दिने भारतीय नम्बरको स्कापियो र त्यसका चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

भारतीय सवारी साधनहरुको ठक्करबाट नेपाली नागरिकले पटकपटक ज्यान गुमाउने गरेका छन्। अहिले निर्वाचनको समयमा उम्मेदवारहरुले चुनाव प्रचार प्रसारमा प्रयोग गर्ने भारतीय नम्बरका सवारी साधनको ठक्करबाट पनि बालबालिकाले ज्यान गुमाइरहेका छन्।

निर्वाचन आचारसंहिता विपरित जिल्लाका सबै राजनीतिक दलका नेताहरुका साथै उम्मेदवारहरु र स्वतन्त्र उम्मेदवारहरुले पनि भारतीय नम्बरका सवारी साधनहरुको प्रयोग गरिरहेका छन्। तर सरोकारवाला निकाय मौन रहेको छ।

### दावी...

गरेको छ। माओवादी केन्द्रले सिंचाइमा प्रयोग हुने बिजुली निःशुल्क गर्ने, सर्वसाधारणको लगानीमा चार हजार मेगावाटको विद्युत आयोजनाहरु बनाउने र ५ वर्षमा ८ हजार मेगवाट विद्युत उत्पादन गर्ने घोषणा गरेको छ।

वैचारिक रुपमा आकास जमिनको भिन्नता रहेको दावी गर्ने दलहरुको पनि चुनावी घोषणापत्रका योजना भने समान भेटिन्छन्। घोषणापत्रमा दलहरुले मतदातालाई आकर्षित गर्ने गरी विभिन्न विकास निर्माणका योजना र तत्काल राहत दिने गरी वितरणमुखी कार्यक्रमको घोषणा गरेका छन् जो अधिकांश दलहरुको मिलेको छ।

यसकारण नयाँ दलको घोषणापत्र आउँदै गर्दा चुनावी एजेण्डामा फरकपनको अभाव देखिन्छ। मतदाता प्रभावित पार्ने गरी सबै क्षेत्रलाई छुने गरी कार्यक्रम र योजना घोषणा गर्दा धेरैको धेरै एजेण्डा मिल्न गएको हो।

### जसपाको ....

छ, 'प्रदेशहरूमा मुख्यमन्त्री तथा विशेष संरचना र स्थानीय तहहरूमा त्यहाँको कार्यकारी प्रमुख पनि बालिग मताधिकारको आधारमा प्रत्यक्ष निर्वाचित हुने व्यवस्था गर्ने।'

जसपाले कार्यकारी राष्ट्रपतिले समावेशी मन्त्रिपरषद् गठन गर्ने व्यवस्था हुने भन्दै अगाडि लेखेको छ, 'कार्यकारी राष्ट्रपतिले समावेशी रूपमा सक्षम व्यक्तिहरूको छनौट गरी मन्त्रिपरिषद् बनाउने। शक्तिपृथकीकरणको सिद्धान्तअनुरूप मन्त्रीहरू राजनीतिज्ञ र विशेषज्ञमध्येबाट राष्ट्रपतिले नियुक्त गर्ने।' जसपाले संघीय र प्रदेश संसद् भने पूर्ण समानुपातिक गर्नुपर्ने धारणा अगाडि सारेको छ। त्यस्तै कुनै पनि व्यक्ति दुई कार्यकालभन्दा बढी एकै कार्यकारी पदमा रहन नहुने कानुनी व्यवस्था गर्ने पनि उसले भनेको छ। 'संघीय संसद् र प्रदेशसभाहरू पूर्ण समानुपातिक निर्वाचन प्रणालीबाट चयन गरिने। कुनै पनि व्यक्ति दुई कार्यकालभन्दा बढी कार्यकारी प्रमुख हुन नपाउने व्यवस्था गर्ने।

संघ, प्रदेश र स्थानी तहबीच सहकारिता, सहअस्तित्व र सहकार्यात्मक सिद्धान्तमा आधारित सम्बन्ध हुने पनि जसपाको घोषणापत्रमा उल्लेख छ। 'कार्य क्षमताको अभाव र खराब आचरण भएको वस्तुनिष्ठ आधार र कारणहरू भएमा सबै तहका सरकारको पदाधिकारीहरूमाथि प्रत्याह्वान गर्न वा महाअभियोग लगाउन सकिने व्यवस्था गर्ने' पनि जसपाको घोषणापत्रमा उल्लेख छ।

### चुनावी...

निर्वाचनमा भाग नलिने निर्णय गरेपछि विप्लव समूहका नेता तथा कार्यकर्तामाथि प्रहरीले निगरानी बढाएको छ। निर्वाचनमा मतदान नगर्ने र बिथोल्ने कुरा एउटै नभएको निचोड सहित प्रहरीले निगरानी बढाएको हो।

अघिल्लो संसदीय निर्वाचनमा पनि निर्वाचन बिथोल्ने भन्दै राजनीतिक दलका नेता र कार्यकर्तालाई लक्षित गर्दै बम विस्फोटसम्मका घटना भएको कारण विप्लव लगायतका साना कम्युनिस्ट पार्टीको निर्वाचन बिथोल्ने घोषणापछि निर्वाचन आयोग र सुरक्षा निकायले सुरक्षाको नयाँ योजना बनाउन थालेका हुन्।

निर्वाचन विरोधी गतिविधि गर्ने समूहलाई नियन्त्रणमा लिएर उनीहरुका गतिविधि रोक्न भनिएको छ। निर्वाचनलाई शान्तिपूर्ण, भयरहित र निष्पक्ष रूपमा सम्पन्न गर्न विशेष सुरक्षा योजना बनाएर लागू गरिएको गृह मन्त्रालयले बताएको छ।

मतदानका दिन ३ घेराको सुरक्षा प्रबन्ध मिलाइएको छ। पहिलो घेरामा नेपाल तथा म्यादी प्रहरी, दोस्रोमा सशस्त्र प्रहरी र तेस्रो घेरामा नेपाली सेनालाई परिचालन गरिने छ। निर्वाचन सुरक्षाका लागि म्यादीसहित २ लाख ९८ हजार ५ सय ८९ जना सुरक्षाकर्मी परिचालन हुनेछन्।

### यूएईमा...

सक्नेसमेत विभागले जनाएको छ। वेबसाइटको प्रयोगले यदाकदा देखिने मध्यस्थता वा बिचौलियाको सहयोग बिना नै विदेशी दक्ष चिकित्सक तथा नर्सहरूलाई उनीहरूले रोजगारीका लागि दिएको आवेदनमा छलफल गर्न, पारिश्रमिक तथा अन्य सुविधाका सम्बन्धमा सीधा सम्पर्क गर्न सक्षम बनाउने विभागले दाबी गरेको छ।

### वैदेशिक...

आवश्यक सीपमूलक तालिम प्रदान गर्ने व्यवस्था गरिने जसपाको प्रतिबद्धता पत्रमा उल्लेख छ। देशभित्रै रोजगारी सिर्जना गर्नका लागि सहरी क्षेत्रमा रोजगार बैंकको स्थापना र शिक्षित बेरोजगारलाई शैक्षिक प्रमाणपत्र धितो राखी स्वरोजगार व्यवसाय गर्न प्रोत्साहित गर्ने जसपाले जनाएको छ।

जसपाले बेरोजगार नागरिकलाई भत्ताको व्यवस्था गर्ने, सीमान्तकृत तथा लोपोन्मुख समुदायलाई रोजगारीको विशेष व्यवस्था गर्ने, वैदेशिक रोजगारीमा जाने श्रमिकमाथि हुने अनियमितता र शोषणलाई अन्त्य गर्न सम्बन्धित मुलुकको दूतावासमा विशेष कक्षको व्यवस्था गरिने प्रतिबद्धता व्यक्त गरेको छ।

एपमार्फत बजार विस्तार जसपाले स्थानीयस्तरमा उत्पादित वस्तुको बजारीकरण मोबाइल एपमार्फत गर्ने प्रतिबद्धता व्यक्त गरेको छ। नेपालका आदिवासी जनजातिका सीप, कला र ज्ञानको प्रयोग गरी उत्पादित वस्तुको अन्तर्राष्ट्रियस्तरमा 'ब्रान्डिङ' गर्न 'मेक इन नेपाल बाई इन्डिजिनियस ह्यान्डस्' नारा तय गर्ने प्रतिबद्धता पत्रमा उल्लेख छ।

भगवतीमाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पगनाथ, दैलेख
कर्णाली प्रदेश, नेपाल

पुनः शिलवन्दी बोलपत्र आह्वानको सूचना

दोस्रो पटक प्रकाशित मिति : (२०७९/०७/२० गते)

१. भगवतीमाई गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय दैलेखबाट देहायमा उल्लेखित निर्माण कार्यको लागि मिति २०७९/०६/०४ गते प्रकाशित शिलबन्दी बोलपत्र आह्वान गरिएकोमा EGP–System मा बोलपत्र पेश गर्ने समय २०७९/०७/०३ गते दिउँसो १२ बजेभित्र हुनुपर्नेमाअन्यथा भएकोले उक्त आयोजना निर्माण कार्यको लागि इजाजत प्राप्त ईच्छुक निर्माण व्यवसायी वा फर्मबाट रितपूर्वकको पुनः विद्युतीय बोलपत्र आह्वान गरिन्छ।

तपसिलः

| ठेक्का नं. | कामको विवरण | ल.ई. रकम (भ्याट र कन्टीन्जेन्सी वाहेक) | बोलपत्र फाराम दस्तुर रु. | जमानत रकम रु. |
|---|---|---|---|---|
| BRM/WS/NCB/10/2079/080 | अडेरीपाल्त मूलपानी खानेपानी तथा सरसफाई आयोजना, वडा नं. ०७ | ८५१४१४६.९१ | ३०००.०० | २६००००.०० |

२. बोलपत्र पेश गर्ने, खोलिने अन्तिम म्यादर बोलपत्र जमानतः

| बोलपत्र पेश गर्ने अन्तिम मिति | | बोलपत्र खोलिने मिति | | बोलपत्र फाराम खरिदको लागि बैंक खाता | | | बोलपत्र जमानत दाखिला गर्ने बैंक खाता | | |
|---|---|---|---|---|---|---|---|---|---|
| मिति | समय | मिति | समय | खाताको नाम | खाता नम्बर | बैंक र शाखा | खाताको नाम | खाता नम्बर | बैंक र शाखा |
| २०७९/०८/२० गते | मध्यान्ह १२:०० बजे भित्र | २०७९/०८/२० गते | दिउँसो २:०० बजे भित्र | भगवतीमाई गाउँपालिका दैलेख GA:1.1 ANTARICK RAJASHWO KHATA | 1510109328800091 | प्रभू बैंक भगवतीमाई | भगवतीमाई गाउँपालिका दैलेख GA:1.1 DHAURITI KHATA | 1510109328800041 | प्रभू बैंक भगवतीमाई |

विस्तृत सूचना तथा विवरणको लागि भगवतीमाई गाउँपालिकाको कार्यालय दैलेखको वेवसाइट www.bhagawatimaimun.gov.np वा खरिद अनुगमन कार्यालयको वेवसाइट www.bolpatra.gov.np/egp हेर्न सक्नुहुनेछ। थप जानकारीको लागि मोवाईल नं. ९८५८०२०८९९/९८५८०२०७९९ सम्पर्क राख्नुहोला।

प्रमुख प्रशासकीय अधिकृत

## रौतहट डायरी

सत्येन्द्र प्रताप सिंह/मध्यान्ह

# आक्रमणबाट घाइते छविलाल साहको मृत्यु



रौतहटको गरुडा नगरपालिका वडा ९ सिसवा धमौरा निवासी छविलाल साहको उपचारको क्रममा मृत्यु भएको छ ।

वयोधा अस्पतालको सघन कक्षमा उपचारको क्रममा शुक्रबार राति करिब पौने ९ बजे मृत्यु भएको उनका छोरा संजयकुमार साहले जानकारी दिए । ह्ययाण्डपाइप जडानको विषयमा विवाद हुँदा गत असोज २६ गते बुधबार गाउँकै केही व्यक्तिले फलामको रड र घरेलु हतियारले आक्रमण गर्दा साह गम्भीर घाइते भएका थिए । ५२ बर्षिय साहको सोही दिनदेखि वयोधा अस्पताल वीरगञ्जमा भर्ना गरी उपचार भइरहेको थियो ।

जिल्ला प्रहरी कार्यलयका प्रहरी उपरीक्षक वीरबहादुर बुढा मगरको निर्देशनमा धटनामा संलग्न व्यक्तिहरु उपर ईलाका प्रहरी कार्यालय गरुडामा जाहेरी दर्ता भएको थियो ।

सो घटनाको जाहेरी दर्ता भएलगत्तै घटनामा संलग्न दोषीलाई पक्राउ गर्न प्रहरी प्रयासरत रहेको प्रहरी उपरीक्षक मगरले बताए । आरोपी मध्येका विसुनदयाल यादवलाई प्रहरी नियन्त्रणमा लिन सफल भएको र बाँकीको खोजी तथा घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# नाला सफाई नहुँदा डेंगुको जोखिम



गौर नगरपालिकाको नाला सरसफाइ नहुँदा डेंगुको जोखिम बढेको छ । गौर नगरपालिका अगाडिको नाला बनेदेखि नै जाम भएको छ । पानी जम्ने लगायतका कारणले डेंगी रोगको जोखिम बढेको छ ।

लामखुट्टेको प्रजनन् हुने कुराको प्रचार-प्रसार गर्ने गौर नगरपालिका अगाडि देखि प्रभात चोक सम्मको करिब ५ सय मिटर लामो नाला महिनौ दिन देखि जाम छ ।

डेंगी रोगविरुद्ध औषधि छर्किने जस्तै एकपछि अर्को सह्रानीय काम गरेर जनताको वाहवाही कमाइरहेको गौर नगरपालिकाको यस प्रति ध्यान जान सकेको छैन ।

यसप्रति विकासप्रेमी नगर प्रमुख शम्भु साहको ध्यानाकर्षण गराई दिन स्थानीयले माग गरेका छन् ।

## मालपोत कार्यालय, गोटिखेल, ललितपुरबाट जारी भएको हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

**ललितपुर साविक गोटीखेल गा.वि.स. वडा नं. ५ हाल महांकाल गाउँपालिका ३ बस्ने फडाप्रसाद भन्ने फणिन्द्र प्रसाद दुलालको मृत्यु भइ निजको मुद्दा साकार गर्ने छोरा बारा जिल्ला निजगढ ५ बस्ने निवेदक शिव प्रसाद दुलालले मेरो बुवा फडाप्रसाद भन्ने फणिन्द्र प्रसाद दुलालको नाममा मालपोत कार्यालय गोटीखेलमा एकलौटी दर्ता कायम रहेको गोटीखेल ५./ग कि.नं. ४ क्षे.फ. २-८-०-०, कि.नं ५ क्षे.फ ०-११-२-०, कि.नं. ७ क्षे.फ. २-११-०-०, कि.नं. १९ क्षे.फ. १-६-०-०, ५/घ कि.नं. ९६ क्षे.फ. ४-१०-०-० समेत जम्मा क्षे.फ. ११-१४-२-० भएको कित्ताका जग्गाहरु मेरो ठुलो बुवा फडानन्द दुलालले मिति २०३८/७/३० मा किर्ते फडा प्रसाद दुलाल खडा गरी मालपोत कार्यालय ललितपुरमा लिखत पारित गरेकोमा सो सम्बन्धमा ललितपुर जिल्ला अदालत हुँदै उच्च अदालत र सर्वोच्च अदालतमा किर्ते जालसाजी र दुषित वण्डापत्रको मुद्दामा सर्वोच्च अदालतको मिति २०७४/०९/१७ मा वादीको पक्षमा फैसला भइ निवेदकको बाबु फडाप्रसाद भन्ने फणिन्द्र प्रसाद दुलालकै नाममा साविक श्रेस्ता कायम गरिदिनु भनी लेखी आएकोमा यस कार्यालयको श्रेस्तामा जिल्ला प्रशासन कार्यालय ललितपुर को च.नं. २६१६ मिति २०६६/०८/०२ बाट समेत रोक्का रहेकोमा उक्त रोक्काको अभिलेख सम्बन्धित निकायमा नरहेको जानकारी आएकोमा सो राक्का कसले के प्रायोजनका लागि राखिएको हो स-प्रमाण सहित यस कार्यालयमा उपस्थित हुन यो सूचना प्रकाशित गरिएको छ, अन्य कोही हकवाला भएमा वा दाखिला खारेज गर्नु नपर्ने कुनै कारण भएमा वा यो जग्गाका सम्बन्धमा यस पूर्व अन्य कसैले कुनै किसिमको कारबाही चलाएको भएमा समेत यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स-प्रमाण सहित मालपोत कार्यालय गोटीखेलमा हकदावी गर्न आउनु होला । अन्यथा निवेदकको माग अनुसार प्रचलित कानून बमोजिम भैजाने र म्याद नाघी प्राप्त हुने दावी माथी कुनै कारवाही नहुने सर्वसाधारण सबैमा जानकारी गराइन्छ ।**

# आचारसंहिता उल्लघंन भइरहे आयोग चुप लागेर बस्दैन : आयुक्त जबरा

**काठमाडौं/मस**–निर्वाचन आयोगका आयुक्त सगुन शम्शेर जबराले मंसिर ४ गते हुने प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष र विश्वसनीय बनाउन राजनीतिक दल, उम्मेदवार, सञ्चारमाध्यम, सुरक्षाकर्मीलगायत सबै सरोकारवालाहरूको हातोम्लो आवश्यक भएको बताएका छन् ।



निर्वाचन आयोग र नेपाल कानुन समाजद्वारा जनकपुरधाममा आयोजित 'प्रतिनिधि सभा तथा प्रदेशसभा निर्वाचन, २०७९ : निर्वाचन आचारसंहिताको प्रभावकारी कार्यान्वयन र सरोकारवालाको भूमिका' विषयक अन्तरक्रिया कार्यक्रममा आयुक्त जबराले निर्वाचन आयोगको एक्लो प्रयासबाट मात्र निर्वाचन स्वच्छ, स्वतन्त्र, निष्पक्ष र विश्वसनीय रुपमा सम्पन्न हुन नसक्ने भएकाले यसमा सबै पक्षको सहयोग आवश्यक रहेको बताएका हुन् ।

'निर्वाचन आयोगले मात्र भयरहित वातारणमा स्वच्छ, स्वतन्त्र, निष्पक्ष र विश्वसनीय निर्वाचन गराउन सक्दैन', आयुक्त जबराले भने, 'यसमा राजनीतिक दल, उम्मेदवार, सञ्चारमाध्यम, सुरक्षाकर्मीलगायत सबै सरोकारवालाहरूको हातोमालो जरुरी छ ।'

उनले निर्वाचन आचारसंहिता पालन गर्न सबैपक्ष गम्भीर हुनुपर्नेमा जोड दिए ।

'निर्वाचन आयोग कसैलाई पनि कारबाही गर्न इच्छुक छैन', आयुक्त जबराले भने, 'तर निर्वाचन आचारसंहिता उल्लघंन भइरहे आयोग चुप लागेर बस्दैन, अब स्पष्टीकरण मात्र सोधिने होइन जरिवाना पनि गर्न सुर गरिसकेका छौं ।'

उनले निर्वाचन क्षेत्रमा मतदाता, मतदान केन्द्र र भूगोललाई आधार बनाएर उम्मेदवार हरूको खर्च सीमा तोकेको स्पष्ट पार्दै आयुक्त जबराले चुनाव लड्ने, खर्च गर्ने तर आयोगमा खर्च विवरण नबुझाउनेहरूमाथि आयोगले कारबाही गरेको बताए ।

आयोगका सहसचिव यज्ञप्रसाद भट्टराईले आयोगले तोकेको खर्च सीमामै रहेर उम्मेदवार हरूले खर्च गर्नुपर्ने बताउँदै आचारसंहिता विपरीतको कार्य भएको उजुरी आएमा तत्काल अनुसन्धान गरी कारबाही गर्ने बताए ।

### उम्मेदवार वलीलाई स्पष्टीकरण

निर्वाचन आयोगले प्रतिनिधि सभा सदस्यका दाङ क्षेत्र नं. ३ का नेकपा (एमाले) का उम्मेदवार कोमल वलीलाई निर्वाचन प्रचारप्रसारका लागि बालबालिकाको प्रयोग गरेको विषयमा स्पष्टीकरण सोधेको छ ।

निर्वाचन आचारसंहिता, २०७९ को दफा १३ मा राजनीतिक दल, उम्मेदवार, दलको भातृ संगठन तथा सम्बन्धित व्यक्तिले पालना गर्नु पर्ने आचरण अन्तर्गत उपदफा (१) को खण्ड (ट) मा 'निर्वाचन प्रचारप्रसार, आमसभा तथा जुलुसमा बालबालिकाको प्रयोग गर्न वा गराउन नहुने' व्यवस्था छ ।

'तपाईंले निर्वाचन आचारसंहिताको दफा १३ को उपदफा (१) को खण्ड (ट) को प्रतिकूल हुनेगरी निर्वाचन प्रचारप्रसार गर्नु भएको होइन भन्ने आधार, प्रमाण के छ ? निर्वाचनका प्रक्रियाहरू अगाडि बढिसकेको तथा निर्वाचन आचारसंहिता लागू भइसकेको अवस्थामा तपाईंले किन जानाजान रूपमा निर्वाचन आचारसंहिताको उल्लंघन हुने कार्य गर्नुभएको हो ?' आयोगको स्पष्टीकरणमा भनिएको छ ।

आयोगले निर्वाचन प्रचारप्रसारमा बालबालिकाको प्रयोग गर्नु हुँदैन भन्ने जानकारी हुँदाहुँदै सो कार्य गरेको देखिएकोले आचारसंहिताको उल्लंघनमा निर्वाचन आयोग ऐन, २०७३ को दफा २३ को उपदफा (३) र (४) बमोजिमको कारबाही किन हुनु नपर्ने हो ? भनी पत्र प्राप्त भएको २४ घण्टाभित्र आफैं वा आफ्नो प्रतिनिधिमार्फत निर्वाचन आयोगमा वा जिल्ला निर्वाचन कार्यालय दाङमा प्राप्त हुने गरी जवाफ पठाउन उम्मेदवार वलीलाई निर्देशन दिएको छ ।

यसैबीच आयोगले रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठानका कार्यकारी निर्देशक डा. रञ्जित कुमार झालाई २४ घण्टाभित्र स्पष्टीकरण पेश गर्न निर्देशन दिएको छ । डा. झाले सप्तरी जिल्ला क्षेत्र नं. २ बाट प्रतिनिधि सभा सदस्यका उम्मेदवार उपेन्द्र यादव प्रचारप्रसार गरेको देखिएको छ ।

निर्वाचन आचारसंहिता,२०७९ को दफा ७ को खण्ड (क) अनुसार नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह अन्तर्गतका निकाय, अर्धसरकारी तथा सार्वजनिक संस्था र सोमा कार्यरत कर्मचारीले कुनै राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा प्रचारप्रसारमा संलग्न हुन वा प्रचारप्रसार गर्न हुँदैन भन्ने व्यवस्था छ ।

यस्तै आयोगले हाम्रो नेपाली पार्टीका अध्यक्ष अनन्तराज घिमिरे र सोही पार्टीका प्रतिनिधिसभा सदस्यका काठमाडौं क्षेत्र नं. २ का उम्मेदवार कोषराज सुवेदीलाई दलीय आवद्धता स्पष्ट नगरी 'काठमाडौं महानगरपालिकाका प्रमुख बालेन शाहको साथ छ, लौरोको विजय निश्चित छ' भनी प्रचारप्रसार गरेको विषयमा स्पष्टीकरण सोधेको छ ।

उक्त कार्यबाट मंसिर ४ गते हुने निर्वाचनको स्वच्छता र निष्पक्षतालाई प्रभावित गर्ने र आम मतदाता समेतलाई भ्रमित गर्ने कार्य भएकाले आफूलाई अमुक व्यक्तिको समर्थन छ भनी सामाजिक सञ्जालमार्फत प्रचारप्रसार गर्दा जानाजान प्रचलित निर्वाचन कानूनको उल्लंघन समेत भएको देखिएको आयोगको पत्रमा जनाइएको छ । आयोगले उक्त दल र दलका उम्मेदवारले स्वतन्त्रको लौरो अभियान भनी प्रचारप्रसार गरेको विषयमा यसपूर्व नै पत्राचार गरेको थियो ।

**Provincial Government**

**Ministry of Physical Infrastructure Development**

## Transport Infrastructure Directorate

# Infrastructure Development Office

**Morang, Province No. 1**

## Construction of various Roads in Morang District.

**First Date of publication: 20th Kartik, 2079 (06th November, 2022)**

1. I nfrastructure Development Office, Morang invites online bids for the **Upgrading of various roads in Morang District.**

| S.N. | Description of Works | Contract Identification No. | Bid Document Fee | Bid Security (NRs) | Estimated Amount (Without VAT) (NRs) |
|---|---|---|---|---|---|
| 1 | Upgrading of Various roads in Sunderharaichha Municipality | IDO/MOR/NCB/RW-70/079-80 | 3000 | 3,60,000 | 1,27,40,000 |
| 2 | Upgrading of Biratnagar-5, Radharaman Marga | IDO/MOR/NCB/RW-71/079-80 | 3000 | 1,20,000 | 42,49,000 |
| 3 | Upgrading of Lohasur Hudai Dhanbani Gaun Jane Sadak, Gramthan-4 | IDO/MOR/NCB/RW-72/079-80 | 3000 | 62,000 | 21,65,000 |
| 4 | Upgrading of Prithvi Marga, Belbari-4 | IDO/MOR/NCB/RW-73/079-80 | 3000 | 61,000 | 21,32,000 |

2. Interested eligible bidders may obtain further information from Infrastructure Development Office, Morang and inspect the Bidding Documents at the address given below during office hours or may visit E-procurement section of PPMO's Web Site http://www.bolpatra.gov.np/egp, A complete set of bidding documents may be inspected by the interested bidders and must submit their bid electronically only through E-procurement section of PPMO's Web Site http://www.bolpatra.gov.np/egp., the Bidders must download the bidding documents, prepare their bids and submit their electronic bids as specified in the Instructions to Bidders. The bidder shall be required to deposit the cost of bidding document (as specified in the table above) in the Employer's Rajaswa (revenue) account as specified below and scanned copy (PDF format) of the Bank deposit voucher shall also be submitted along with the electronic submission of the bid files. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by scanned copy of the bid security in pdf format amounting to NRs mentioned above which shall be valid for 30 days beyond the validity period of the bid.
3. Pre-bid meeting shall be held at the Infrastructure Development Office, Morang at 1 PM on **2079/08/09 (25th November, 2022)**
4. **Submission and Opening of bid**
   Last date of bid submission : **2079-08-20 (06th December, 2022)** : Till 12:00 Noon
   Bid Opening : **2079-08-20 (06th December, 2022)** : 13:00 Hrs
5. **Account Details for Bid Security**
   Name of the Bank : Rastriya Banijya Bank — Name of Office : Pradesh Lekha Niyantrak Karyalaya, Pradesh No:1, Morang, Biratnagar
   Office Account no. : 2120100202030000 — Office Code no. : 3370113011
6. **Account Details for Bid Document Fee**
   Name of the Bank : Rastriya Banijya Bank — Name of Office : Infrastructure Development Office, Biratnagar
   Office Account no. : 1000100201010001 — Rajaswa (revenue) Shirshak no. : 14229
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

मध्यान्ह
www.madhyanhadaily.com
२० कात्तिक २०७९, आइतबार
6 November 2022, Sunday

## सम्पादकीय

# अनुचित मार्ग

गृहमन्त्री बालकृष्ण खाँणले चुनाव शान्तिपूर्ण तरिकाले सम्पन्न गर्न सबै किसिमको तयारी चलिरहेको सार्वजनिक अभिव्यक्ति दिएका छन् । उम्मेद्वारहरू प्रचार अभियानमा जुटिरहँदा गृहमन्त्री खाँणले अभिव्यक्ति आएको हो । यही अभिव्यक्तिका कारणले चुनावमा शान्ति सुरक्षाको प्रश्न उठेको छ । किनकि गृहमन्त्रीले शान्तिपूर्ण बातावरणमा चुनाव हुने मात्रै नबताएर अशान्ति मच्याउन सक्ने पक्षबारे समेत बोलेका छन् । गृहमन्त्रीले नेत्रविक्रम चन्द नेतृत्वको पार्टीदेखि अन्य समूहबारे बोलेकाले एकपटक चुनावी शान्तिबारे सोच्नुपर्ने अवस्था आएको हो । गृह मन्त्रालयले शान्तिपूर्ण बातावरणमा चुनाव सम्पन्न गर्न २३ समूह निगरानीमा रहेको जनाएको छ । निगरानीमा पर्ने समूह मध्ये चन्दलाई पनि समेटिएको छ । जबकी उनले शान्तिपूर्ण संसदीय राजनीतिमा आउने सम्झौता सरकारसँग गरिसकेका छन् । अघिल्लो सरकारका प्रधानमन्त्री केपी शर्मा ओलीसँगै चन्दले शान्तिपूर्ण राजनीतिका निम्ति तीन बुँदे सहमति गरेका थिए ।

अन्य समूह पनि शान्तिपूर्ण राजनीति गर्दै आएका हुन् । तर गृह प्रशासन र गृहमन्त्रीले जस्तो तथ्य सार्वजनिक गरेको छ, यसले पक्कै पनि आशंका उत्पन्न भएको छ । चुनावमा समस्या हुन सक्ने यी २३ समूहबारे सूचना सार्वजनिक नहुँदासम्म चुनावमा संभावित अशान्तिबारे कसैले सोचेका पनि थिएनन । यसको पर्याप्त आधार पनि थियो । गएको वैशाखमा मात्रै स्थानीय चुनाव भयो । त्यो चुनावमा दलहरूभित्रकै समस्या बाहेक अरू केही देखिएको थिएन । आन्तरिक समस्याका कारण केही ठाउँमा फेरि चुनाव गराउनुपर्ने अवस्था बनेपनि ७५३ स्थानीय तहको चुनाव सम्पन्न भएको छ ।

अघिल्ला चुनावहरूमा सधैं सुरक्षा चिन्ता हुने गरेको थियो । पञ्चायत, त्यसअघि र पछिका चुनावमा सधैं कुनै न कुनै ठूलो शक्तिले चुनाव बिथोल्न लागि परेका थिए । पञ्चायतमा दलहरू नै विपक्षीमै थिए । किनकि त्यसबेला निर्दलीय चुनाव हुन्थ्यो । दलीय व्यवस्था आएपछि कहिले माओवादी त कहिले अरू साना शक्ति विथोल्न लागे । २०७४ कै चुनावमा पनि माओवादीको एउटा समूह बिथोल्न हिडेका थिए भने २०७४ को चुनावमा चन्द नेतृत्वकै समूह त्यो बाटोमा थियो । अहिले ठूलो शक्ति चुनावको विपक्षमा उभिएको देखिदैन । चुनावमा भाग लिन्न, मतदान गर्दिनँ भन्नु पनि यो संविधानले छुट दिएको छ । मतदान नगर्दैमा कार्बाही हुने व्यवस्था छैन । यदि ठूलो संख्यामा मतदान भएन भने चुनावकै वैधानिकतामाथि प्रश्न उठ्ने नै छ । तर मतदान गर्न चाहनेहरूको अधिकार खोस्नु उचित होइन । लोकतन्त्रको भावना र मर्म पनि होइन । त्यसैले अशान्ति र चुनाव बिथोल्ने सोंच भए पनि बदल्न आवश्यक छ । बाटो बदल्न जरूरी छ ।

# लोकतन्त्र र जवाफदेहिता

*हाम्रो लोकतन्त्रमा जिम्मेवारीबोध र जवाफदेहिताको अभाव छ । न जनप्रतिनिधि जिम्मेवार छन् न त नेतृत्वमा बस्नेहरू । दल र नेताहरूका अभिव्यक्ति पनि जिम्मेवार छैनन् । उनीहरूले कुनै पनि विषयमा जिम्मेवारपूर्वक बोल्दैनन् ।*

अग्रलेख




● अच्युतप्रसाद पौडेल 'चिन्तन'

नागरिक आफैँले चुन्ने शासन प्रणाली र देशको समृद्धि खातिर आफ्ना प्रतिनिधिहरुबाट देश सञ्चालन गर्ने क्रममा लोकतन्त्रलाई संसारले सर्वोत्कृष्ट राजनीतिक प्रणालीको रूपमा अँगिकार गरेको हो । विश्वका कैयन देशहरुले लोकतन्त्रको रसास्वादन पनि गरेका छन्, विकास भएको पनि छ, नागरिकहरुको जीवनशैलीमा परिवर्तन आएको छ । संसारमा केही दशकअघि मात्रै देखा परेका भनौं नवोदित देशहरु पनि हाम्रो तुलनामा निकै समृद्ध भइसकेका छन्, तर हामीजस्ता गरीब देशका लागि लोकतन्त्र अभिशाप पनि भएको छ । सुशासनका नाउँमा लोकतन्त्रले आफ्नो नङ्ग चरित्र देखाएको छ । लोकतन्त्रको आधार भनेको विज्ञता, योग्यता, क्षमता, इमानदारिता, पारदर्शिता र जवाफदेहिता हो । अर्को अर्थमा मेरिटोक्रेसी पनि हो, तर यहाँ विवादै विवाद छ । जता हेर्‍यो उतै खाल्डाखुल्डी छ, अधुरो छ, चुनावताका नौटंकी नाटक देखाइन्छ । मेट्रो रेल, मोनो रेल, पानी जहाज, घर घरमा ग्याँसका पाइपलाइन, धारा, बत्ती निःशुल्क, सबैलाई जग्गा, घर स्वास्थ्य, शिक्षा, भए नभएका सपना भनौं समृद्धि बाँडिन्छ । पछि हात लाग्यो शून्य । दलाल र विचौलिया अनि विदेशीहरुको रज्गज् र कृडास्थल बन्छ देश । जिम्मेवारीबोध र जवाफदेहिताको अभाव हुँदा खुलेको संसदमा सांसदहरुले प्रश्न राख्छन् तर, कार्यकारी प्रमुख कुनै विषयमा यो के हो भन्ने जवाफ दिनुको साटो संसदमा देखिँदैनन् । अन्य काममा व्यस्त भएका खबर बाहिर आउँछन् या त प्रतिनिधिसभा नामक त्यो संस्था एकाएक कोमामा जान्छ । एक पल्ट होइन पटक-पटक, अनि अदालती बाटोबाट यो ब्यूँतन्छ तर, सही काम भने गर्नै सक्दैन ।

संसदका लागि देशमा चुनाव हुँदैछ । मंसिर ४ गतेको सबै प्रतिक्षामा छन् । कर्म काण्डी चुनाव र खोक्रा घोषणापत्र, रित्तो देश, खोक्रा जनता, खाडीमा पुगेकाले भोट हाल्न नसक्ने व्यवस्था, खर्चिलो र भड्किलो व्यवस्था जनताका आशा जहाँका त्यहीँ छन् । आशै आशामा दिन गुज्रिरहेका छन् नेपालीहरुका । भए भरका र देशले धान्नै नसक्ने आशाका पुलिन्दाहरु लिएर डिजिटल उद्घाटन गर्ने प्रतीज्ञापत्रहरु लिएर कार्यकर्ता र नेताहरु जनतासँग भोट माग्न आइरहेका छन् ।

यसअघि लामो समय एमसीसी विवादमा थियो संसद । अर्को उस्तै, ३ अक्षरी शब्द एसपीपी पनि विवादमा थियो । तर, विदेशीले जे भन्छन् त्यो भइहाल्छ, जनताले भनेको काम हुन्न यहाँ । लोकतन्त्रका संवाहक भनिएकाहरुमा देश र जनताप्रति देखाउने योग्यता, दक्षता र क्षमता भएन भने देश विषम परिवेशमा जकडिन्छ । पाकिस्तान, श्रीलंका नै साक्षी छ । मेरिटोक्रेसीले देश सञ्चालन हुनु पर्ने हो, तर हामीकहाँ कतै मन्त्रीहरु नै प्रेम कहानीमा फसेका हुन्छन् भने विद्यालय, कलेजमा ढुंगा हान्न सिपालुहरु नै मन्त्री बन्ने गर्छन् र त देशको समृद्धि खातिर बन्ने बजेटकै लागि रातारातै बाहिरका मानिसहरु बोलाउनु पर्छ, खेतालाका रूपमा । सरकारी संयन्त्रले गर्ने काम सरकार सञ्चालकहरु परिवर्तन भए पनि स्थायी संयन्त्र निजामती सेवाले निन्तर गरिरहनु पर्ने हो, तर यहाँ त्यसो नभई प्राइभेट कम्पनीले चलाएको जस्तो छ । एसपीपी विषयमा पत्राचारै भएको छैन भने नेताहरुले, यसो भनेको केही बेरमै पत्राचार भएको व्यहोरा खुल्यो । पत्र नै सार्वजनिक भयो, नेताहरु नौटंकी गर्न सिपालु छन् । आधिकारिक पत्र सन् २०१५ अक्टोबर २७ मै लेखिएको बाहिर आउँछ । भाषा मिलाएर भनिन्छ, त्यो त अर्कै परिवेशमा लेखिएको हो, र त यसै विषयमा विगतको एमसीसी जस्तै अनेकानेक शंकाका पहाडहरु जन्मिए देशमा । राजनीतिबाट तटस्थ बस्ने भनिएको जिम्मेवार नेपाली सेनाका प्रमुखले दस्तखत गरेको पत्र सार्वजनिक हुँदा नेपाल सरकारको स्वीकृतिमा भएको भन्ने व्यहोरा पढ्न पाइयो र रक्षा मन्त्रालय, परराष्ट्र मन्त्रालयमा त्यो पत्रको बोधार्थ दिइएको देखियो । अनि अमेरिकी दूताबासले भन्यो नेपालले नचाहे एसपीपी रद्द गर्न सक्छ भनेर । यता गृह मन्त्रीले भने यसबारे केही भएकै छैन भविष्यमा पनि हुँदैन । एमसीसीका विषयमा पनि भएको यस्तै थियो पहिले । जिम्मेवार देशका कार्यकारी प्रमुखहरुले सही गरेर उता पत्र पठाइसक्छन्, यता होइन र छैन पत्र पठाएको भन्छन् । यस्तो दोहोरो चरित्र लोकतन्त्रमा सुहाउँदैन । चार घण्टा अगाडिसम्म एमसीसीको बिरोध गर्ने, बानेश्वर तताउनेहरुले उत्तिखेरै त्वम् शरणं भनेर एमसीसी पास गरेकै हो । आइपिएससँग सम्बद्ध होइन भन्दै एमसीसी व्याख्यात्मक टालो भिरेर संसद छिरेको कति समय भयो र ?



*देशमा आधारभूत आवश्यकताको पूर्ति भएको छैन, रोजगारी त छँदैछैन, आय आर्जन नहुँदा सर्वसाधारणको चूलो जल्न सक्ने अवस्था छैन । राजनैतिक व्यक्तिहरुको सुविधा बढेको छ, घटेको छैन, यसलाई नै समृद्धि भन्ने हो त कुरा बेग्लै ।*

लोकतन्त्रका सम्बाहक भनिएका हाम्रा ओली-प्रचण्डको रुट् फरक पर्नाले अहिलेको मात्रै होइन विगतका केसहरु पनि छचल्किएका हुन् देशमा । ओलीले भन्ने एक थरि, तर गर्ने अर्कै । समृद्धिका तानाबुना धेरै बुने, हातलाग्यो शून्य भयो । जनता वाक् दिक् भए स्थानीय चुनावमा बालेनहरुलाई जिताइदिए जनताले, विकल्प थिएन । दलहरुले पनि मत पाए त्यही मतले फेरि कुर्लदैछन्, हाम्रो बल घटेको छैन भनेर । बालेनहरुले सिस्डोल र बन्चरेडाँडामा सकस पाइरहेका छन् र त राजेन्द्र लिङ्देनहरु भन्दैछन्, अहिलेकै व्यवस्थाले देशको समृद्धि देख्नु भनेको साँढेको टाँगमुनि रहेको बाल्टिन दुधले भरिनु हो । उनै फेरि घाँटी जोड्न गएका छन्, अर्का हलोवाला पनि त्म् शरणंभन्दै उतै पुगे सूर्य चिह्न लिएर कसरी विश्वास गर्ने हो नबुझिने राजनीतिको ।

अनावश्यक संयन्त्रहरुले थिचिएको छ देश र त यहाँ चालु खर्चका लागि राखिएको बजेट पूरै खर्च हुन्छ मात्रै होइन रकमान्तर गरेर थपिनु पर्छ । तर, विकास खर्च भनौं पूँजीगत खर्च आवको श्रावणदेखि जेठसम्म मुस्किलले ३६ प्रतिशत हुन सक्दैन । असार एक महिनामै त्यसको दोब्बर भयो रे ! असारे ठेकेदारी बजेट पूँजीगत खर्चलाई असार श्रावणको ठूलो वर्षाले बढारेर लैजान्छ । अमेरिकामा उन्नत लोकतन्त्र छ भनेर नेपालमा पनि हुन्छ भन्ने होइन । उसँगको हाम्रो साइनो ७५ वर्ष पुरानो छ, तर छिमेकी उत्तरले गरेको प्रगति र आर्थिक वृद्धिदर डबल डिजिटको छ । दक्षिणको पनि ८ प्रतिशत माथि छ । यहाँ चुहिएर पनि आएको छैन समृद्धि । ८ हजार माइल टाढाको अमेरिकी समृद्धि कुँदेर यहाँ कसरी आउला ? हो ऊ सैन्य रणनीतिमा छ । बरु यहाँ उसको दौडधूप धेरै छ । ऊ चीनको अध्ययन गर्न चाहन्छ । दुई ढुंगाको तरुल जस्तो देश नेपालमा अमेरिकी सैन्य उपस्थिति न चीनलाई मन पर्छ, न भारतलाई । यहाँका लोकतन्त्र बोक्नेहरुले देशको असंलग्न परराष्ट्र नीतिलाई अबलम्बन नगर्दा देशको हालत के होला ?

देशमा अमेरिकनहरुको भ्रमण बढेको छ, जावलाखेलमा तिब्बती शरणार्थी भेट्ने क्रम बढेको छ । देशमा महँगी बढे जस्तै विदेशीहरुको दौडधूप बढेको छ तर, नेपालीको जीवनस्तर बढेको छैन । नेपाली सेनाले तत्काल एसपीपीमा हस्ताक्षर नगर्ने, मुलुकको हितमा आघात हुने, देशको असंलग्न परराष्ट्र नीतिमा विचलन आउने, भूपरिवेष्ठित देशको अबस्था, सामरिक संवेदनशीलतालाई विचार गर्नुपर्ने, नेपाली सेना आफ्नो विचारमा सधैँ स्पष्ट भएको बतायो तर, सात वर्ष अघिको पत्राचारलाई के भन्ने ?

देशको नेतृत्वको असावधानीका कारण हाल श्रीलंका संकटमा छ । हप्तामा तीन दिन बिदा, सरकारी कर्मचारीलाई पाँच वर्ष बेतलबी बिदा दिएर विदेशमा काम खोज्न जानू भन्ने जस्ता ऊर्दी जारी गरेको धेरै भयो । नजिकका देशले रासायनिक मल दिनुपर्ने, देश खाद्य संकटको चपेटामा अल्झिएको छ । नेतामा हुनुपर्ने अर्को गुण हो दूरदर्शिता । दूरदर्शिताको अभाव छ हामीकहाँ पनि । ७४ को चुनावमा भएभरको समृद्धि खन्याइदिने नेपालीको टाउकोमा भनियो, रेल, पानीजहाज, धारा, पानी, मेट्रो, मोनो रेल सबै गफ हाँकियो । तर, अहिले ७५ हजारको ऋणको भारी टाउकामा बोकाइएको छ जन्मनासाथको नेपालीलाई । व्यापारघाटा चुलिएको छ, विप्रेषणले देशको अर्थतन्त्र धानिएको छ, आर्थिक वृद्धिको सपना पनि ठूलै देखाइयो तर, खै के भयो ? जनताको दैलो बिर्सने नेताले मातृभूमिको संरक्षण कसरी गर्ला ? अहिले दैलो आएका छन् नेता तर, पहिलेको के पूरा भयो सोध्ने आँट गर्दैनन् जनता । आफ्नो दलको मान्छे स्वर्ग पुग्दैमा वा आफन्तको समृद्धि देख्दैमा देश समृद्ध हुँदैन । चीनका राष्ट्रपति खेतको बाली हेर्छन् धानको बोट हेर्न किसानकोमा पुग्छन् यहाँ विदेशी मिनरल वाटर मगाउने अनि उखु किसान थापाथली मण्डेलामा धर्ना दिने, हुम्लीलाई चामल आवश्यक पर्दा काठमाडौं आउनु पर्ने देशमा यस्तो लोकतन्त्र, गणतन्त्र र संघीयता कहिलेसम्म रहने हो ? संघीयताको अर्थ आफ्नै वरिपरिका आसेपासेहरुलाई काम दिने अनि यति सानो देशमा गन्नै नसकिने मन्त्रालय अनि एउटै घरमा ५ वटा मन्त्रालय यो बेहोसीपना होइन र ? पूर्वपश्चिम राजमार्ग र अहिलेका पुराना भवन थिएनन् भने कहाँ बसेर रजाइँ हुन्थ्यो ?

सत्ता परिवर्तन भइरहन्छ देशमा अहिले नै तेलको भाउले आम सर्वसाधारणको जीवन कष्टकर भइसकेको छ । सरकारको आह्वान इम्बोस्ड नम्बरले थप ढाड सेक्न खोजेको छ, मातृभाषाको अतिक्रमण भएको छ, सबै विदेशीमय हुँदा देश थप संकटमा पर्न सक्छ । लोकतन्त्रका संवाहक भनिएकाहरु राजसी शैलीमा छन् । देशमा आधारभूत आवश्यकताको पूर्ति भएको छैन, रोजगारी त छँदैछैन, आय आर्जन नहुँदा सर्वसाधारणको चूलो जल नसक्ने अवस्था छैन । राजनैतिक व्यक्तिहरुको सुविधा बढेको छ, घटेको छैन, यसलाई नै समृद्धि भन्ने हो त कुरा बेग्लै ।

## सामाजिक सञ्जाल



**- सुर्यराज आचार्य**

हाम्रो विकासबारेका नीति, कानून र योजना पर्याप्त अध्ययन/गृहकार्य बिना बन्छन् । यसले गर्दा समस्या झन् बल्झेको छ । भएको स्रोत-साधन पनि उपयोग हुन सकेको छैन । यो समस्या चिर्नका लागि आवश्यक नीति अध्ययन/अनुसन्धानको एजेण्डा कुनै पनि दलको घोषणा पत्रमा त्यति चासो साथ उठाएको भेटिएन ।



**- बाबुराम भट्टराई**

देशको भौगोलिक अखण्डताको मुद्दा कुनै दल वा व्यक्ति विशेषको नभएर सबै नागरिक र दलको निर्विवाद मुद्दा हो र हुनुपर्छ । यदि कसैले चुनावी स्वार्थका लागि त्यसलाई उछाल्छ भने बुझ्नुपर्छ दालमा कालो छ । नेपालमा राजा महेन्द्रले र जर्मनीमा हिटलरले राष्ट्रवादकै खोल ओढेर उत्पात मच्चाएको नबिर्सौं !



**- रञ्जीत तामाङ**

चीन आफू निर्वाचन गर्दैन । तर निर्वाचनलाई चाहिने अधिकांश सामान उत्पादन गरेर लोकतान्त्रिक मुलुकहरूलाई बेच्छ । एसियामा खपत हुने सबैजसो प्लाष्टिकको ढ्वाङसमेत चीनले नै बेच्दो रहेछ । बिजनेशका हिसाबले चीन भट्टी साहुजस्तै लाग्छ । आफू नखाने, दुनियाँलाई फिटान बनाउने !



**- प्रेम घर्तीमगर**

चुनावमा प्रतिस्पर्धा होला तर, शेरबहादुर देउवा अहिले देशको प्रधानमन्त्री हुन् । त्यसैले सागर ढकाल आफ्नो प्रतिस्पर्धी होइन, देशको प्रधानमन्त्रीको स्वागतको लागि उभिएका हुन् । यो देख्दा उनमा एउटा नयाँ राजनैतिक संस्कार रहेछ भन्ने प्रमाणित हुन्छ ।



**- उत्तमबाबु श्रेष्ठ**

दिल्लीमा वायूको गुणस्तर बिग्रेर स्कूल अनलाइनमा र श्वासप्रश्वासका रोगी नागरिकलाई सकेसम्म घरैभित्र रहन सरकारले भनेको छ । सिमापारको प्रदुषण विस्तारै यतापनि आउँदैछ तर, अहिले काठमाडौंमा फोहर जलाउने गरेको जतातते देख्न सकिन्छ । सिमापारको प्रदुषण रोक्न नसकेपनि यहाँको रोकौं ।

# कानूनलाई उछिन्दै हिंसा

ब्लग



● अस्मिता बम

आजभोलि हरेक व्यक्तिको साथी बनेको छ- मोबाइल र इन्टरनेट । मानिस मोबाइल, कम्प्युटर र ल्यापटपको प्रयोगबिना बस्नै नसक्ने भएको छ । मैंले पनि सबैभन्दा प्यारो साथी मोबाइल नै बनेको छ । बिहानदेखि बेलुकीसम्म त्यसमै झुण्डिँदा पनि थकाई लाग्दैन, अल्छी लाग्दैन । कतिबेला टिकटक, कतिबेला फेसबुक, इन्स्टा के के हो के के ! यसरी नै हिजो फेसबुकको टाइमलाइन घिसार्दै थिएँ । एउटा बलात्कारसम्बन्धीको समाचार हेरेँ । त्यो पनि १४ वर्षीया किशोरीको । आनन्दले मोबाइल चलाइरहेको मन अस्थिर बन्यो । शरीर नै सिरिङ्ग भयो । कता -कता डर लागेको जस्तो महशुस भयो ।

दिन-प्रतिदिन छोरी-चेलीमाथि हुने बलात्कार, हत्याहिंसा जस्ता घटनाहरु लगातार आउँदा मनमा डर र रिस पैदा नहोस् पनि किन ? केही समय अघि मात्रै बझाङमा छ वर्षीया बालिका बलात्कृत भईन् त्यो पनि सत्तरी वर्षीय पुरुषबाट । अचेल समाचार हेरिरहँदा अचम्मको मनोभाव पनि आउँछ, मानिसले मानवता किन यसरी गुमाइरहेका छन् ?

पछिल्लो केही महिनामै लगातार चार/पाँच वटा बलात्कारका घटना बाहिर आएका छन् । तर, परिवार र समाजको डरले धेरै पीडित युवती तथा महिलाहरु घटना लुकाएर बाँच्न विवश छन् ।

मलाई याद छ, कञ्चनपुरकी निर्मला पन्तको बलात्कार पछिको हत्या । जो साथीकोमा पढ्न गएकी थिइन् । घर फर्कने क्रममा घर नै पुग्न पाएकी थिइनन् । निहारिका राजपुत-आफ्नै साथीको दाईबाट बलात्कृत भइन्, गर्भ रह्यो र आमा बनिन् । तर, वालुवाटारदेखि सिंहदरबारको गेटसम्म पुगेर न्यायको भिख माग्दा उनले पाउन सकिनन् ।

गायिका समीक्षा अधिकारीलाई बलात्कार गरेको अभियोगमा नायक पल शाह जेल सजाय काटिरहेका छन् । तर, समीक्षाप्रति सहानुभूति देखाउनुको सट्टा चरित्रमाथि औंला उठाएर सामाजिक सञ्जालभरि आलोचना भईरहेका छन् । उनको अस्मितालाई मजाक र मनोरञ्जनको रुपमा लिदाँ खुसी हुनेहरुको भिड नै लागेको छ । अर्को क्रिकेटर सन्दिप लामिछाने पनि अहिले बलात्कारको आरोपमा पक्राउ परेका छन् । यस्तै घटनाले गर्दा म र मेरै उमेर समूहका किशोरीलाई खुलेर हिँड्न त्रास पैदा भएको छ ।

*बलात्कार र हिंसाका घटना बढ्दै जाँदा किशोरीहरुले आफूमाथि भइपरी आउने अत्याचारको पर्दाफास कसरी गर्न सक्लान् ? भन्ने आजको गहन प्रश्न हो । पछिल्लो समय त महिला हिंसा यति बढेको छ कि कुन दिन आफैं शोषणमा पर्छु भन्ने मनोभाव मस्तिष्कबाट हट्दै हट्दैन । लाग्छ, समाज कुन दिशामा जाँदै छ ?*

बलात्कार र हिंसाका घटना बँढ्दै जाँदा किशोरीहरुले आफूमाथि भइपरी आउने अत्याचारको पर्दाफास कसरी गर्न सक्लान् ? भन्ने आजको गहन प्रश्न हो । पछिल्लो समय त महिला हिंसा यति बढेको छ कि कुन दिन आफैँ शोषणमा पर्छु भन्ने मनोभाव मस्तिष्कबाट हट्दै हट्दैन । लाग्छ, समाज कुन दिशामा जाँदै छ ?

त्यत्तिमात्रै होइन, सामाजिक सञ्जालबाटै विद्यार्थी शिक्षकको दुर्व्यवहारमा परिरहेका घटनाहरू जानकारीमा आउँछन् । यस्ता घटनालाई हाम्रो शिक्षण प्रणालीको खराबी भन्ने कि ? मान्छेहरूको व्यवहार अथवा सोँच ? जुन ठाउँमा त्यस्ता हिंसा-घटनाबाट बच्न र बचाउन सिकाइन्छ, त्यही ठाउँमा घटना घट्छन् भने महिला कहाँ सुरक्षित छन् त ? घरमा बुवा, दाइबाट नै बलात्कृत, विद्यालयमा शिक्षक, काम गर्ने ठाउँमा आफूभन्दा ठूला पदका व्यक्तिबाट, बाटोमा हिँड्दा जो कोहीबाट घिनलाग्दो नजरको सिकार भइरहेका छन् । अब बिना डरको समाज खोँज्न महिला र किशोरी कहाँ जाने ?

पछिल्ला दिनहरुमा देशको कानून बदलियो । संविधानका धारा बने, उपधारा बने । स्पष्ट लेखिए तर सरकार सधैं अन्धो बनिरह्यो स्पष्ट देख्न सकेन । नेपालको संविधान २०७२ को 'भाग ३' 'धारा १८' को समानताको हक, 'धारा २०' को न्याय सम्बन्धी हक, 'धारा २१' को अपराध पीडितको हक, 'धारा २२' यातना विरुद्दको हक अनि 'धारा २९' को शोषण विरुद्दको हक । यी सब लिखित रूपमा सीमित छन् । मैले देखेको छैन कतै यी धाराहरुले प्यासीका लागि प्यास मेटिने गरी पानी खुवाएको, लागेका चोटबाट बगेको रगतलाई पखाल्न सकेको ।

अब नहोउन् यस्ता अपराध, हिंसा, शोषण सोच्यो- तर त्यसै दिन छ्याप्छ्याप्ती पत्रिकामा, अनलाइनमा छापिएका हुन्छन् नारीको चरित्रका कथा । कथामा लेखिएका, लेखेका व्यथालाई मैले महसुस गरेको छु , म जस्ताले महशुस गरेका छन् तर जसले महसुस नगरेनी अलिकति सोँचिदिनु पर्ने हो, उसले मात्रै ती पीडाहरुलाई मनोरञ्जन सम्झिरह्यो, उनीहरूलाई पीडितको चिच्याहट मन पर्न थाल्यो । नारा मन पर्न थाले । सरकार र सत्ता केवल नामको भयो । कामको भएन । पीडितको पीडा सुनेर पनि नजरअन्दाज गर्ने प्रशासन पनि शोषित हो, बलात्कारी हो ।

मेरो देशको कानून कहिले स्पष्ट देख्न सक्ला ? कहिले सुन्न सक्ला ? कहिले सोँच्न सक्ला ? र जुन दिन देख्न सक्नेछ, बुझ्न सक्नेछ, सोँच्न सक्ने छ । त्यो दिन म आफू शोषित भएँ भने पनि हार मान्ने छैन । गुहार माग्ने छैन । तिनीहरूका लागि हाँसिदिनेछु, जसले हाँस्दा हाँस्दा रोएर आफूलाई पापीहरूको बथानमा धकेलेका थिए । हो- म अब त्यहीँ हिंसा रहित स्वस्थ समाजको प्रतीक्षामा छु ।

त्रिपाठीलाई मतदाताको प्रश्न

# ‘कोरोना खोपमा किन भयो कमिसनको खेल ?’



**जगत ठाडा मगर/मध्यान्ह**
नवलपरासी, १९ कात्तिक

पूर्वस्वास्थ्य मन्त्रीसमेत रहेका नवलपरासी क्षेत्र नम्बर १ का उम्मेदवार हृदयेश त्रिपाठीले कोरोनाको भ्याक्सिन खरिद गर्दाको कमिसन काण्डका बारेमा अहिले मतदाताको सामना गर्नु परेको छ । चुनावी अभियानमा रहेका त्रिपाठीलाई टोलटोलमा जाँदा मतदाताले यहि प्रश्न सोध्ने गरेका छन् ।

कोरोना महामारीका समयमा त्रिपाठी स्वास्थ्य मन्त्रीको जिम्मेवारीमा थिए । कोरोनाले देशभरका नागरिक आहत भइरहेका बेला देशभरबाट शिघ्र खोप व्यवस्थापनका लागि सरकारमाथि दवाव परेको थियो । सरकारले खोप आयातका लागि कोभिडसिल्डसँग सम्झौता गरेपछि पहिलो चरणको खोप आयात भएको थियो । तर दोस्रो चरणको खोप आयात अवरुद्ध गरेर त्रिपाठी कसिमनको चक्करमा लागेका समाचारहरु प्रकाशित भएका थिए ।

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली नेतृत्वको सरकारको स्वास्थ्य मन्त्री बनेका त्रिपाठीले खोप खरिद गर्दा बालुवाटारबाटै डिल भएको भन्दै कमिसनको खेलमा प्रधानमन्त्री नै संलग्न रहेको आरोप लगाएका थिए । कोभिडसिल्डको दोस्रो डोज खोप आयात गर्दा तत्कालिन प्रधानमन्त्री ओलीले आफु निकटका व्यापारी सुरज वैद्यलाई कमिसन एजेण्ट बनाएर करौडौं रुपैयाँको घोटाला गर्न लागिएको आरोप पनि त्रिपाठीले लगाएका थिए । गत निर्वाचनमा एमालेबाटै चुनाव जितेका त्रिपाठीले पार्टी अध्यक्ष एवं प्रधानमन्त्रीमाथि आरोप लगाएपछि एमालेले उनलाई वेवास्ता गर्न थालेको थियो । एमालेमा कुनै हैसियत नहरने अवस्था आएपछि त्रिपाठीले जनता प्रगतिशिल पार्टी खोलेका थिए ।

नवलपसारीको प्रतापपुरमा घरदैलो गर्दै हिडेका त्रिपाठीलाई स्थानीय श्याम पाण्डेले आफ्नी बृद्ध आमाले कोरोनाको दोस्रो डोज खोप लगाउन नपाएको गुनासो गर्दै त्यस त्रिपाठीमाथि कमिसन मोह रहेको भन्दै आक्रोश पोखे ।

‘स्वास्थ्य मन्त्री रहेका बेलामा समेत यहाँका जनतालाई खोप लगाउने व्यवस्था मिलाउन आवस्यक ठान्नु भएन, यस्तो गैर जिम्मेवार व्यक्तिलाई फेरि चुनाव जिताउनुको के अर्थ रहन्छ ?’ पाण्डेले प्रश्न गरे ।

बर्दघाट नगरपालिकाका चुनावी भेटघाटमा पनि त्रिपाठीले मतदाताको यहि प्रश्नको सामना गर्नु परेको छ । ‘तपाईंले कोरोनाको समयमा हामीलाई खोपकोसमेत व्यवस्था गर्न आवस्यक ठान्नु भएन, उल्टो कमिसन नपाएकाले खोप आयात रोकिएको समाचार सुन्नुपऱ्यो । हाम्रो भोटलाई तपाइँले कमिसनसँग साट्दै आउनु भएको छ’ बर्दघाट नगरपालिका - २ का विशाल पौडेलले भने । कोरोना खोपको कमिशन काण्डमा प्रधानमन्त्रीलाई नै मुछ्ने प्रयास गरेपछि ओलीले त्रिपाठीलाई स्वास्थ्य मन्त्रीबाट हटाएका थिए ।

# नेपाल र श्रीलंकाबीच ऐतिहासिक र धार्मिक सम्बन्ध : श्रीलंकाली प्रधानमन्त्री



**काठमाडौं/मस-** श्रीलंकाका प्रधानमन्त्री दिनेश गुणवर्द्धनाले नेपाल र श्रीलंकाबीच ऐतिहासिकका साथै धार्मिक सम्बन्ध रहेको बताएका छन् ।

दक्षिण एसियाका नेपाल, भारत र श्रीलंकका पत्रकारहरूसँगको भेटका क्रममा प्रधानमन्त्री गुणवर्द्धनाले श्रीलंकामा करिब ७२ प्रतिशत बुद्ध धर्मावलम्बी रहेको र नेपालको लुम्बिनी बुद्धको जन्मस्थल भएकाले पनि दुई देशका बीचमा धार्मिक सम्बन्ध रहेको बताए ।

उनले भने,‘राम, सीता र रावणका विषय धार्मिक इतिहासमा समेत छ । अझ आस्थाको केन्द्र पशुपतीनाथ नेपालमा छ । यसले पनि दुई देशबीचको सम्बन्धलाई थप प्रगाण बनाएको छ ।’

संकटको समयमा छिमेकी देशले गरेको सहयोग प्रसंशनीय भएजस्तै सञ्चारकर्मीले पनि सकारात्मक समाचार सम्प्रेषण गरेर सहयोग गर्नुपर्नेमा उनको जोड थियो । ‘पछिल्लो समय श्रीलंकाको अर्थतन्त्रमा केहि सुधार आएको छ’ उनले भने, ‘यहि सत्यतालाई नेपाल, भारत र श्रीलंकाका पत्रकारहरुले जिम्मेवारी पूर्वक सूचना प्रवाह गर्नुपर्ने अपेक्षा राखेको छु ।’

दक्षिण एसिया नेपाल, भारत, श्रीलंकाका पत्रकारहरूको समूहलाई श्रीलंकाको वर्तमान राजनीतिक, सामाजिक र आर्थिक स्थितिको बारेमा प्रकाश पार्न र आगामी दिनहरुमा थप पर्यटकहरूलाई श्रीलंका भ्रमण गराउन आमन्त्रित गरिएको हो ।

टोलीमा सहभागी नेपालकी सम्झना पौडेलका अनुसार यस ‘ मिडिया परिचय टुर’ को आयोजना श्रीलंकाली सरकार, टुरिजम प्रोमोसन ब्यूरो श्रीलंका र एशिया मिडिया कल्चर एसोसियसनले गरेको हो ।

एएमसिएका अध्यक्ष उपुल जानका जय सिंगेले पर्यटन प्रवर्द्धन ब्यूरोकोतर्फबाट मिडिया परिचय टुरले श्रीलंकाको मात्र नभइ एशियाली देशकै पर्यटन प्रवर्द्धमा सहयोग पुग्ने अपेक्षा राखिएको बताए ।

# चितवनमा जिफन्टको मजदुर अगुवा कार्यकर्ता भेला




**चितवन/मस-** नेपाल ट्रेड युनियन महासंघ (जिफन्ट)को जिल्ला स्तरीय अगुवा कार्यकर्ता भेला सम्पन्न भएको छ । जिफन्टको मजदुर क्षेत्र निर्वाचन परिचालन कमिटी चितवनकी अध्यक्ष अञ्जु गुरुङको अध्यक्षतामा सम्पन्न भेला नेकपा एमाले बागमती प्रदेश कमिटीका सचिव विजय सुवेदीको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो । भेलामा नेकपा एमाले जिल्ला कमिटी चितवनका सचिवालय सदस्य तथा निर्वाचन परिचालन कमिटी चितवन क्षेत्र नं. २ (ख) का संयोजक पदमपाणी सुवेदी, नेकपा एमाले चितवन जिल्ला सदस्य केशव थापा निरु, जिफन्टका बागमती प्रदेश कमिटी सदस्य शान्ती सुवेदी, मजदुर नेताहरु सुमन भुजेल, तुलबहादुर मगर लगायतको उपस्थिति रहेको थियो ।


कार्यक्रममा अध्यक्ष गुरुङले एमाले अध्यक्ष केपी शर्मा ओली नेतृत्वको सरकारले मजदूरको पक्षमा गरेका कामको चर्चा गरेकी थिइन् । साथै उनले मजदुरको पक्षमा घोषणापत्रमा उल्लेख गरिएका प्रतिबद्धताहरु पूरा गर्ने बताइन् । आगामी मंसिर ४ गते हुने निर्वाचनमा एमालेलाई अत्याधिक मतका साथ विजयी गराउन उनले आग्रह गरेकी थिइन् ।

यस्तै कार्यक्रममा निर्वाचन प्रचार प्रसारको विभिन्न योजना सहितको प्रस्ताव पेश गरिएको थियो भने केशब थापा ‘निरु’, पदमपाणि सुवेदी र विजय सुवेदीले प्रशिक्षणात्मक मन्तव्य राखेका थिए ।

भेलाले मजदुर क्षेत्र निर्वाचन परिचालन समिति चितवनको संयोजक गुरुङको संयोजकत्वमा २३ सदस्यीय सचिवालय, निरुको संयोजकत्वमा अनुगमन समिति र चितवनको ३ वटा प्रतिनिधिसभा र ६ वटै प्रदेशसभा निर्वाचन क्षेत्रमा मजदुर क्षेत्र निर्वाचन परिचालन समिति निर्माण गरेको छ । भेलामा सुमन भुजेलको नेतृत्वमा ५ जना मजदुर नेताहरु अखिल नेपाल ट्रेड युनियन महासंघ (अन्टुप) परित्याग गरी जिफन्टमा प्रवेश गरेका थिए ।

मजदुर क्षेत्र निर्वाचन परिचालन समिति चितवनका सचिव तथा जिफन्ट भरतपुर महानगरपालिका कमिटी अध्यक्ष रुद्र उप्रेतीको स्वागत मन्तव्य रहेको भेलालाई जिफन्ट भरतपुर महानगरपालिका कमिटी सचिव राजन ढकालले सञ्चालन गरेका थिए ।

# फरार रहेका ६ जना पक्राउ



**रामकरन हरिजन/मध्यान्ह**
पश्चिम नवलपरासी, १९ कात्तिक

पश्चिम नवलपरासी जिल्ला अदालतबाट फरक-फरक मुद्दामा विभिन्न मितिमा फैसला हुँदा सजाय तथा जरिवाना भएका ६ जना फरार रहेका विभिन्न स्थानबाट प्रहरीले पक्राउ गरेको छ ।

शुक्रबार जिल्ला प्रहरी कार्यालय मातहत बासा प्रहरी चौकीबाट खटिएको प्रहरी टोलीले सरावल गाउँपालिकाको विभिन्न स्थानबाट ६ जनालाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालयकाले जनाएको छ ।

नवलपरासी अदालतको विभिन्न मितिमा फैसला भएका मुद्दाहरुमा जरिवाना भुक्तानी नगरी फरार रहेका नारायण प्रसाद कँडेल, रामसमुझ भर, दुबर केवट, राकेश यादव, यज्ञनाथ फौजदार फरार रहेका प्रतिवादीहरुलाई पक्राउ गरी जरिवाना भुक्तानीका लागि नवलपरासी जिल्ला अदालतमा बुझाएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी भोजराज पाण्डेले जानकारी दिए ।

उनका अनुसार फौजदारले लागूऔषध मुद्दामा जरिवाना तथा कैद दुबै भुक्तानी नगरी फरार रहेका खेलजितलाई पक्राउ गरी कैद तथा जरिवाना भुक्तानीको लागि अदालतमा बुझाइएको छ ।


Sudurpaschim Provincial Government

**Ministry of Physical Infrastructure Development**

**Urban Development and Building Office**

**Dhangadhi, Kailali**

**Invitation for Bid (IFB)**

**Notice no 3rd /079/080**

**(First date of publication: : 20 Kartik 2079 BS, (6th November2022 A.D)**

1. **Urban Development and Building Office** (UDBO), Dhangadhi, Kailali invites open competitive bids for the following works under National Competitive Bidding (NCB). All other information & bid documents can be downloaded from PPMO's website www.bolpatra.gov.np/egp. All eligible bidders are requested to submit bid by electronic only with the requested documents with the mention Period.

| S.N | Contract Identification No. | Description | Estimated Amount ( Including of VAT & PS)NRs. | Price of Bid Document fee | Bid Security/ Bid Bond | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | UDBO/kailali/work/ NCB /21/079/080 | 1. Bhimdatta Na.Pa 1,2,3,4,5 and 6 ma Solar Batti Jadan.Bhimdatta, Kanchanpur<br>2. Bhimdatta Na.Pa. 7,8,9,10,17 and 19 ma Solar Batti Jadan. Bhimdatta, Kanchanpur | 1,69,96,999.98 | 3000 | 4,25,000 | |
| 2 | UDBO/kailali/work/ NCB/22/079/080 | 1. Apanga Sewa Shang Ko Lagi Bhawan Nirman Bhimdatta Municipality 04, Kanchanpur<br>2. Purnima Krishi Sahakari Sanstha Lai Bhawan Nirman Anudan.Bhimdatta -08, kanchanpur.<br>3. Bramdev Bajar Dhal Nikash. Bhimdatta -09, Kanchanpur<br>4. Tumdanima Bidhalaya Najik Aadhuro Dhal Nikash Lai Purnata Bhimdatta-09, Kanchanpur | 1,30,35,289.58 | 3000 | 3,25,000 | |
| 3 | UDBO/kailali/work/ NCB/23/079/080 | 1. Purano Mukhemantri Niwas Dhekhi Kailash Tol Jane Bato Nali Nirman Dhangadhi-04, Kailali<br>2. Kafali Kalapateshrwor ko Samudayak Bhawan Dhangadhi-14, Kailali<br>3. Samudayak Bhawan Nirman Bhagwati Tole.Dhangadhi-04, Kailali | 1,13,82,920.78 | 3000 | 2,85,000 | |
| 4 | UDBO/kailali/work/ NCB/24/079/080 | 1. Samudayak Bhawan Nirman Joshipur-04, Hasnapur, Kailali<br>2. Samudayak Bhawan Nirman Bhajani-02, Tingharuwa, Kailali<br>3. Mohanpur Gau Ma Dhal Nikas Sahit Nali Nirman Bhajani-02, Kailali | 96,32,413.12 | 3000 | 2,40,000 | |
| 5 | UDBO/kailali/work/ NCB/25/079/080 | 1. Ghodaghodi Sansakriti Sangaralaya. Ghodaghodi Municipality 05 Kailali | 1,27,93,915.92 | 3000 | 3,20,000 | |
| 6 | UDBO/kailali/work/ NCB/26/079/080 | 1. Bramdev Bazar Ma Solar Batti Jadan. Bhimdatta-09, Kanchanpur<br>2. Bedkot Na.Pa 08 ma Solar Batti Jadan. Bedkot-08, kanchanpur | 59,87,555.01 | 3000 | 1,50,000 | |
| 7 | UDBO/kailali/work/ NCB/27/079/080 | 1. Samudayak Bhawan Sabhall Nirman Simalfata Sunafata.Sukalafata Municipality -07, Kanchanpur<br>2. Prasuti Griha Bhawan Dipnagar.Sukalafata Municipality-11, Kanchanpur | 56,91,672.20 | 3000 | 1,45,000 | |
| 8 | UDBO/kailali/work/ NCB/28/079/080 | 1. Kabilal Chaudhary Ko Khet Dhekhi Kani Khola Samma Drain Nirman .Belauri Municipality-10, Kanchanpur<br>2. Tharu Sangralaya Ko Bhawan Nirman. Beldadi RM-03, Kanchanpur | 39,67,818.36 | 3000 | 99,000 | |

**Office Chief**

# ‘दुर्गमका नेता आश्वासन बाँड्छन्, विकास गर्दैनन्’



**मानबहादुर बिश्वकर्मा/मध्यान्ह**
बाजुरा, १९ कात्तिक

मंसिर ४ गते हुने प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचन नजिकिँदै जाँदा बाजुराका दुर्गमका जिल्लामा मतदाता यस पटक त्यति उत्साहित देखिएका छैनन् । राजनीतिक दलहरुले यतिबेला सर्वसाधारण नागरिकलाई विभिन्न आश्वासन बाँडेर विकासका योजनाहरु दिने नाउँमा भोट माग्दै हिँडिरहेका छन् ।

यस पटकको चुनावमा पनि मतदाताको घरदैलोमा तिनै पूराना नेताको अनुहार देखिन्छ । गाउँमा विकास निर्माणका योजना दिने, रोजगारी दिने भन्दै पहिले जस्तै यस चुनावमा पनि विभिन्न आश्वासन दिँदै नेताहरु घरदैलोमा पुगिरहेका छन् ।

यतिबेला बाजुराका दुर्गम गाउँमा यहाँका राजनीतिक दलका नेता कार्यकर्ताहरु उही पुरानै एजेण्डा र झुट्टा आश्वासन लिएर आउने गरेका छन् । चुनाव जितेपछि कहिले मुख नदेखाउने नेताहरु अहिले भने नानाथरीको विकास गर्छु भनेर लोभ देखाइरहेको बाजुराको बुढीनन्दा नगरपालिका वडा नं.–१ का रंगमल वि.कले बताए ।

उनले भने, ‘चुनावको बेला नेकपा एमाले, नेपाली कांग्रेस, नेकपा एकीकृत समाजवादी, नेकपा माओवादी भोट माग्दा गाउँको विकास गर्छु, हलिया समुदायको खाद्य सुरक्षाको ग्यारेन्टि गर्छु भनेर भन्छन्, तर चुनाव जितेर गइसकेपछि अवस्था उस्तै रहेको छ ।’

‘बाजुराकै हिमाली गाँउपालिका ६ पाडिमा कांग्रेसले चुनावी प्रचारमा गाउँमा विभिन्न योजना दिने भन्दै गाउँलेलाई कांग्रेस प्रवेश गराएको छ ।

तर एमालेका नेता तथा कार्यकर्ता अझैं धेरै विकास निर्माण गरिदिने भन्दै एमालेमा फिर्ता गराए’ स्थानीय अगुवा प्रेमलाल भण्डारीले भने, ‘पाडि गाउँमा १ सय ७५ परिवार बसोबास गर्दै आएका छौं, योजना दिने भन्दै कहिले एमाले, कहिले कांग्रेसले भोट माग्ने गरेका छन् ।’

गाउँमा विभिन्न योजना निर्माण गरिदिने जागिर लगाइदिने भनेर मत मागिरहेको भएपनि अहिले निर्वाचनका बेला जनता पनि जुन नेता आयो उतै फर्कीने गरेका छन् । स्वामी कार्तिक खापर गाउँपालिका १ मुक्तिकोटमा चुनावी प्रचारप्रारमा पुग्ने सबै यस्तै भन्छन् । यहाँको गरिबी कुपोषण कम गर्ने भनेर प्रतिबद्धता गर्ने गरिरहेका छन् । चुनाव जितेपछि कहिले मुख नदेखाउने नेताहरु अहिले भने नानाथरीको विकास गर्छु भनेर लोभ देखाइरहेको स्थानीय गणेश विकले बताए ।

गाउँमा खानेपानी, विद्यालय निर्माण तथा रोजगारीको ग्यारेन्टीको नारा लगाएर नेताहरु यतिबेला जनताको घरदैलोमा पुग्ने गरेको मतदाताहरु बताउँछन् ।

बाजुरामा मात्रै होइन् दुर्गमका अधिकांश जिल्लाहरुमा उही पुरानै अवस्था छ ।

कालीकोट, जुम्ला, हुम्ला, मुगु, डोल्पा लगायतका दुर्गमका गाउँमा नागरिकको समस्या पुरानै अवस्थामा छ । कति व्यवस्था बदलिए । कतिले देशले नेतृत्व गरे तर नागरिकको जीवनस्तरमा थोरै पनि परिवर्तन नभएको यहाँका नागरिकको भनाई छ ।

मतदान गर्ने दिन गन्दै बसेका यहाँका अधिकांश नागरिकको गुनासो उस्तै छ, सरकारले नागरिकको चाहना बुझ्न सकेन । राजनीतिक दलका प्रतिबद्धता र उम्मेदवारका पटक-पटकका आश्वासन पत्याएका नागरिक त्यसको कार्यान्वयन नहुँदा निराश बन्नु स्वभाविक हो । तर, नेतृत्व परिवर्तन गर्ने लोकतान्त्रिक विधि भनेकै मतदान हो भन्नेमा पनि मतदाता स्पष्ट छन् । निर्वाचनको लामो अनुभव लिएका ज्येष्ठ मतदाताहरू मतदानलाई लिएर जति उत्साहित छन्, त्यति नै चुनिएर जाने प्रतिनिधिप्रति सशंकित पनि छन् । त्यसैले, विजयी हुनेहरुलाई मतदाताको उत्साह कायम राख्दै शंका मेटाउनुपर्ने चुनौती छ ।

# ‘निर्वाचन जितेर पाँच वर्षसम्म अनुहार नदेखाउने नेतालाई बहिस्कार गरौँ’



**रेशम अधिकारी/मध्यान्ह**
देवदह, १९ कात्तिक

चापाकल चिन्ह लिएर रुपन्देही क्षेत्र नं. १ बाट प्रतिनिधि सभा सदस्य पदमा स्वतन्त्र उम्मेदवार बनेका अधिवक्ता टिकाराम चापागाईंले निर्वाचन जितेर ५ वर्षसम्म जनतालाई अनुहार नदेखाउने नेतालाई बहिस्कार गर्नुपर्ने बताएका छन् ।

देवदहमा भएको चुनावी कार्यक्रममा बोल्दै उनले जनताको प्रतिनिधि जनताको सुख दुःखमा काम लाग्नुपर्ने बताए । ‘यस क्षेत्रको विकास तथा हरेक सुख दुःखमा म जनतासंगै हुनेछु ।’

उनले भने,‘मैले चुनाव जितेपछि यसै क्षेत्रमा सचिवलयको कार्यालय स्थापना गरेर जनताको समस्या समाधान गर्नेछु ।’

सोही क्रममा उनले सामाजिक रुपान्तरणका लागि आफ्नो उम्मेदवारी रहेको बताए । घरदैलो अभियानमा मतदाताले व्यक्त गरेका अभिव्यक्तिले आफ्नो जित सुनिश्चित रहेको दावी गर्दै उनले स्वास्थ्य, शिक्षा, कृषि, पर्यटन, खेलकूद, भौतिक तथा पूर्वाधार विकास साथै युवा व्यवस्थापन र रोजगारमा आफुले विशेष ध्यान दिने प्रतिबद्धता जनाए ।

टिकाराम चापागाईं रुपन्देही क्षेत्र नम्वर १ का प्रतिनिधि सभा चापाकल चिन्हका स्वतन्त्र उम्मेदवार हुन उनीसँगै एमालेका छविलाल विश्वकर्मा र गठबन्धनका घनश्याम भुसाल चुनावी मैदानमा छन् ।

# मतदाता शिक्षाका लागि तालिम प्रदान



**कमल खड्का/मध्यान्ह**
रोल्पा, १९ कात्तिक

अगामी मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि जिल्ला निर्वाचन कार्यलयले मतदाता शिक्षा संचालनका लागि प्रत्येक स्थानीय तहलाई जिम्मा दिएको छ । सोही अनुरुप रोल्पाको रुन्टीगढी गाउँपालिकाले शुक्रबार प्रत्येक वडाबाट एक-एक जाना मतदाता शिक्षा सञ्चालनका लागि स्वयंसेवक छानेर एक दिने तालिम दिएको छ ।

तालिम सञ्चालन कार्यक्रम रुन्टीगढी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत रेमन्त बहादुर डाँगीको अध्यक्षता, गाउँपालिका अध्यक्ष जनक पुनको प्रमुख आतित्यथ्यता तथा उपाध्यक्ष सरिता केसीको आतिथ्यतामा भएको थियो ।

तालिममा बोल्दै अध्यक्ष पुनले मतदाता शिक्षा लिएर जानेहरु कोही कसैले राजनीति प्रचारप्रसार नगरी स्वच्छ तरिकाबाट मतपत्रमा कसरी छाप लगाउने, कसरी छाप लगाउँदा मत बदर हुँदैन भनेर सिकाउन अनुरोध गरेका थिए । सोही कुरालाई जोड दिँदै अधिकृत डाँगीले मतपत्र कति हुन्छ भनेर समेत जानकारी दिन अनुरोध गरेका थिए ।

मतदाता शिक्षामा खटिएका कर्मचारी सो अवधिभर निर्वाचन कार्यलयको कर्मचारी हुने हुँदा कसैले राजनीतिक पार्टी तथा उम्मेदावरको प्रचार गरेको पाइएमा कारबाही हुने समेत तालिम कार्यक्रममा जानकारी दिइएको थियो । तालिममा प्रत्येक वडाका एक-एक जना गरी नौ जनाको सहभागिता रहेको थियो । तालिम गाउँपालिका फोकल पर्सन ध्रुवप्रकाश मल्लले दिएका थिए ।

# आचारसंहिता उल्लंघन गर्ने एक दर्जन सवारीसाधन प्रहरीको नियन्त्रणमा

**महेन्द्रनगर/मस**–आगामी मङ्सिर ४ गते हुने निर्वाचनको प्रचारप्रसारमा आचारसंहिताको उल्लंघन गरेको भन्दै स्थानीय प्रशासनले उम्मेदवारहरूको एक दर्जन सवारी साधन नियन्त्रणमा लिएको छ ।

धनुषाको निर्वाचन क्षेत्र नम्बर-३ का लागि नेकपा (एमाले)बाट प्रतिनिधिसभा सदस्य पदका उम्मेदवार जुलीकुमारी महतो, प्रदेशसभा ३ (१) का उम्मेदवार जितेन्द्रकुमार यादव, प्रदेशसभा ३(२) का उम्मेदवार दीपेन्द्र ठाकुर, धनुषा-३ का सत्तारुढ गठबन्धनको तर्फबाट प्रतिनिधिसभा सदस्य पदका उम्मेदवार अनिल झा, ३ (१) का प्रदेशसभा सदस्य पदका उम्मेदवार रामसरोज यादवलगायत अन्य उम्मेदवारहरुले ब्यानर झुण्ड्याएको करिब एक दर्जन सवारीसाधन धनुषा प्रहरीले नियन्त्रणमा लिएको छ ।

आचारसंहिताविपरीत सवारीसाधनमा ठूला-ठूला ब्यानर झुण्ड्याएको, अत्यधिक ध्वनी प्रदूषण हुने गरी डिजेमा प्रचारप्रसार गरेकोलगायत गतिविधि गरेकोले नगरभित्रका विभिन्न चोकबाट नेपाली तथा भारतीय नम्बरप्लेटका सवारीसाधन नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक प्रदीपबहादुर क्षेत्रीले बताए । थप अनुसन्धान गर्न मुख्य निर्वाचन अधिकृतको कार्यालयको जिम्मा लगाइएको उनले जानकारी दिए ।

**Tikapur Municipality**
**Office Of The Municipal Executive**
**Sudurpaschim Provience ,**
**Tikapur, Kailali**

**Invitation for Electronic Bids**

**Invitation for National Competitive Bidding for the Works on the Following Project**
**Date of publication: 2079/07/20**

1) Tikapur Municipality Office, Tikapur invites National Competitive Bidding (NCB) from registered contractors for the construction of *following works.*
2) The Estimated amount for the works is as specified on the following Table.

| SN | Contract ID. | Contract name | Bid Security Amount | Bid Document Cost | Estimated Amount (Excluding VAT and PS) |
|---|---|---|---|---|---|
| 1.0 | TMO/NCB/29/ WORKS/2079/080 | Supply, Delivery and Installation Works of High Mast Light at Tikapur Municipality | Nrs.1,20,000.0 | NRs:3000.0 | NRs: 40,86,509.14 |

3) Eligible Bidders may get further information on telephone: 091-56118, email: tikapurmun@gmail.com or may visit PPMO website www.bolpatra.gov.np/egp.
4) *Bidders shall have submit their bid electronically only. No hard copy will be provided or accepted in the office.*
5) Electronic Bid Must Be submitted through e-procurement Portal www.bolpatra.gov.np/egp. before 12:00 hour, 2079/08/20 and Bids shall be opened in the presence Or in the absence of Bidders' representatives chosen by Bidders to attend at 14:00 hour and 2079/08/20 at the office of Tikapur Municipality, Tikapur.
6) Bids must be valid for a period of *90 days* after bid opening and must be accompanied by bid security, amounting as specified for each item in the following table, which shall be valid for *30 days* beyond the bid validity period.
7) If bidder wishes to submit the Bid Security in the form of cash, the cash should be deposited in Deposit Office Account No. **10703000003000000001**at *Nepal Bank Ltd., Tikapur, Branch* and submit the receipt of the deposited amount of cash along with the bid document and for Bid Document Fee Bidder should deposit cash in Office Account no: . .**10703000001001000001** at *Nepal Bank Ltd., Tikapur, Branch*
8) If the last date of submission and opening falls on a government holiday then the next working day shall be considered as the last day.
9) Bidders are advised to visit site and assess the actual site conditions before submitting their bids.
10) The Employer reserves the right to accept or reject, wholly or partially any or all the bids without assigning any reason, whatsoever.

**Chief Administrative Officer**

**प्रदेश सरकार**
**सुदूरपश्चिम प्रदेश**
**भौतिक पूर्वाधार विकास मन्त्रालय**
**शहरी बिकास तथा भवन कार्यालय**
**बैतडी**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**सूचना प्रकाशित मिति २०७९।०७।२०**

यस कार्यालयको मिति २०७९/०५/१२ गते प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार तपसीलमा उल्लेखित ठेक्का नं. र कार्य बिवरणसँग सम्बन्धित कार्यको लागि अन्तिम म्यादभित्र रितपूर्बक दर्ता हुन आएका बोलपत्रहरुको मूल्यांकन गर्दा तपसील बमोजिमका बोलपत्रहरु न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिन आएकोले, स्वीकृतीका लागि बोलपत्र मूल्यांकन समितिबाट सिफारिस भएकोहुँदा सार्बजनिक खरिद ऐन, २०६३ को दफा ४७ को प्रयोजनार्थ सोही ऐनको दफा २७ को उपदफा २ अनुसार बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारिका लागि प्रकाशित गरिएको छ ।

**तपसील**

| सि.नं | ठेक्का नं. | कामको बिवरण | बोलपत्रदाताको नाम र ठेगान | कबोल अंक रकम रु. (मु.अ.कर र प्रोभिजनल सम बाहेक) |
|---|---|---|---|---|
| १. | UDBO/BTD/ NCB/W/02/2079/80 | construction of shree nagarjun ma.vi. hostel building shivnath ga.pa.2 sharmali baitadi | श्री प्रकृती कन्सट्रक्सन एण्ड सप्लायर्स पा.न.पा.६ बैतडी । | २६,६३,३५५।४० |
| २. | UDBO/BTD/ NCB/W/03/2079/80 | construction of gokuleshwar agriculture campus hostel building Gokuleshwar baitadi. | श्री प्रकृती कन्सट्रक्सन एण्ड सप्लायर्स पा.न.पा.६ बैतडी । | २५,४९,१५९।१० |
| ३. | UDBO/BTD/ NCB/W/04/2079/80 | Construction of RCC road and drain way to dpo tundikhel da na pa 4 baitadi | श्री विग वि एण्ड कम्पनी द.न.पा.४ बैतडी | २९७१३४५।८० |
| ४. | UDBO/BTD/ NCB/W/05/2079/80 | Construction of RCC road gokuleshwar shailyashikahar 9 darchula | श्री नागार्जुन कन्सट्रक्सन शैल्यशिखर ९ दार्चुला | ११,६५,९६१।०० |
| ५. | UDBO/BTD/ NCB/W/06/2079/80 | Construction of RCC road and drain ma.na.pa.4 & 5 Darchula | श्री वम निर्माण सेवा दार्चुला | २२,७८,०९८।७० |

**निमित्त कार्यालय प्रमुख**

# घरदैलो कार्यक्रममा व्यस्त नेताहरु

**राजेन्द्र महतो/मध्यान्ह**
सिरहा, १९ कात्तिक

सिरहामा प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्यका उम्मेदवारहरुले घरदैलो अभियानलाई तिब्रता दिएका छन्। सिरहा निर्वाचन क्षेत्र नम्बर ४ (ख)मा प्रदेशसभा सदस्यका लागि जसपाबाट उम्मेदवारी दिएका सुरेश मण्डलले घरदैलो कार्यक्रमलाई तिब्रता दिएका छन् । मण्डलले बिष्णुपुर गाउँपालिका वडा नं. ३ नवटोली, अमहा गढिया, राजपुर, कल्याणपुर नगरपालिका वडा नं.१ बनिनियाँमा घरदैलो कार्यक्रम सम्पन्न गरेका हुन् ।

यस्तै, सत्ता गठबन्धनमा रहेको लोसपाका राम बाबू यादवले प्रदेशसभाका लागि उम्मेदवारी दिएका छन् । सत्ता गठबन्धनबाट प्रदेशसभामा उठेका उम्मेदवार यादव तथा स्वतन्त्र उम्मेदवार हरुले पनि घरदैलो कार्यक्रममा व्यस्त छन् ।

यता, सिरहा क्षेत्र नं. ४ (ख) बाट मण्डलले जसपा र एमालेका संयुक्त उम्मेदवारका रुपमा प्रदेशसभा सदस्यमा उमेदवारी दिएका छन् । मण्डल यसअघि



२०७४ को निर्वाचनमा तत्कालीन राष्ट्रिय जनता पार्टीबाट सिरहा ४ (ख)बाट विजयी भएका थिए । युवा माझ लोकप्रिय एवं बौद्धिक नेताको रुपमा मण्डल परिचित छन्। मधेश आन्दोलनदेखि विभिन्न आन्दोलनहरुमा मण्डलले सक्रिय सहभागिता जनाउँदै आएका छन् । विद्यार्थी राजनीतिबाट संसदीय राजनीतिसम्म पुग्दा उनी एक इमान्दार, स्वच्छ छवि र बौद्धिक युवा नेताको रुपमा स्थापित बनेका छन् ।

मधेश र समग्र राष्ट्रकै हितमा जोसँग पनि तार्किक बहस गर्न सक्ने क्षमता भएका मण्डलले राजनीतिलाई पेशाभन्दा पनि समाजसेवाको रुपमा लिएको बताउँछन् । उनी मधेश प्रदेशको राज्यमन्त्री हुँदा आफ्नो निर्वाचन क्षेत्रलगायत प्रदेशभरी चर्चित अनुहारको रुपमा देखिएका थिए ।

'मरे तो मुक्ति, जिये तो मधेश' मूल राजनीतिक नाराका साथ राजनीतिमा लागेका मण्डलको विद्यार्थी राजनीतिदेखि मूलधारको राजनीतिसम्मको यात्रा निकै संघर्षपूर्ण र सफल रहेको मान्न सकिन्छ। प्रदेशसभा सदस्यका उम्मेदवार मण्डलले मधेश आन्दोलनको उपलब्धिहरु संघीयता, समावेशीता, समानुपातिक प्रतिनिधित्व र आरक्षणलाई संस्थागत/स्थायित्व रक्षा गर्ने प्रतिबद्धता अगाडि सारेका छन् ।

यस्तै मण्डलले यस क्षेत्रमा स्नातक र स्नातकोत्तर सम्मको अध्ययन अध्यापनको लागि डिग्री कलेजको स्थापना गर्ने र मानवीय संवेदनाको सबैभन्दा महत्वपूर्ण पक्ष जीवन रक्षाको लागि यस क्षेत्रमा प्रदेश स्तरीय सुविधा सम्पन्न अस्पतालको स्थापना गर्ने उनले प्रतिबद्धता जनाएका छन् ।


## Invitation for Bids

### Mapya Dudhkoshi Rural Municipality
### Office of the Rural Municipal Executive
**Khastap, solukhumbu**

**Invitation for bids for the procurement of 4WD vehicle.**

Contract Identification No: NCB/MDRM/GOODS/079/80-01
Date of publication: 06-11-2022 00:00

1. The Mapya Dudhkoshi Rural Municipality, Khastap, Solukhumbu invites electronic bids from eligible bidders for the procurement of four wheel vehicle. under National Competitive Bidding procedures specified in Public Procurement Act and Regulations.
2. Mapya Dudhkoshi Rural Municipality has allocated funds to cover eligible payment under the Contract for 4WD Jeep for this office. (IFB No: NCB/MDRM/GOODS/079/80-01). Bidding is open to all eligible Nepalese and Foreign Bidders.

| Package No. | IFB No. | Particulars | Bid security Amount Nrs. | Documentation fee |
|---|---|---|---|---|
| 1. | NCB/MDRM/GOODS/079/80-01 | Procurement of 4WD Jeep: 1 unit | 200000 | 2000 |

3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at PPMO egp system website **www.bolpatra.gov.np/egp.**
4. Bidding document is available online can be downloaded from e-GP system; **www.bolpatra.gov.np/egp.** Interested bidder shall register in the e-GP system and deposite the cost of bidding document (non-refundable) as stated above in the following bank.
   **Name of the bank : Agriculture Development Bank**
   **Account Name : Mapya Dudhkoshi Rural Municipality**
   **Account number : 1125601506508055**
5. Pre-bid meeting shall be held at : Mapya Dudhkoshi Rural Municipality, Khastap, Solukhumbu Province One Nepal at 27-11-2022 11:00
6. Electronic bids must be submitted through PPMO website **www.bolpatra.gov.np/egp** on or before 09-12-2022 12:00. Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 09-12-2022 14:00 hours at the office of Mapya Dudhkoshi Rural Municipality, Solukhumbu. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of 200000.0 NRs which shall be valid for 30 days beyond the validity period of the bid.
8. If the last date of purchasing and / or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

## उर्लाबारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**उर्लाबारी, मोरङ**
**१ नं प्रदेश, नेपाल**

### नदीजन्य पदार्थको बिक्रीका लागि E–BID मार्फत बोलपत्र आव्हान सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः२०७९/०७/२०**

यस उर्लाबारी नगरपालिकाको तपसिल बमोजिमको खरिद कार्य विद्युतिय बोलपत्र E–BID को माध्यमबाट गराउनु पर्ने भएको हुँदा तपसिलमा उल्लेख भएका कामका लागि इजाजत प्राप्त बोलपत्रदाताहरुबाट यो दोस्रो पटकको सूचना मार्फत रितपूर्वक बोलपत्र आव्हान गरिएको छ । विस्तृत जानकारीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाईट www.bolpatra.gov.np/egp वा यस कार्यालयको वेबसाईट www.urlabarimun.gov.np मा हेर्नुहुन समेत सूचित गरिन्छ ।

**तपसिलः**

| सि. नं. | बोलपत्र नं. | बोलपत्रको नाम | उत्खनन् परिमाण | न्यूनतम बोलपत्र रकम (सेवा शुल्क र मू.अ. कर बाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|
| १ | रा./०३/०७९/८० | उर्लाबारी नगरपालिकामा प्रारम्भिक वातावरणीय परीक्षण (IEE) भएका खोलानालाबाट उत्खनन् संकलन गरी बिक्री वितरण हुने ढुंङ्गा, गिट्टी, रोडा, ग्राभेल, बालुवा, माटो (भरौटे र बलौटे) आदीको खोला बिक्री मूल्य असुली । खोलाहरुः बक्राहा, सोल्टी, सुनझोडा, नुनसरी। | १९८८५० (एक लाख अन्ठानब्बे हजार आठ सय पचास | ३१७७१५५९।१२ | ९५३१४७०० | ५०००।०० |

**प्रमुख प्रशासकीय अधिकृत**

## भगवतीमाई गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**पगनाथ, दैलेख**
**कर्णाली प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने सम्बन्धी आशयको सूचना

**सूचना प्रकाशित मिति २०७९/०७/२०**

यस कार्यालयबाट चालु आ.व. २०७९/०८० को लागि स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिलका निर्माण कार्यहरु शिलवन्दी बोलपत्रको माध्यमबाट गर्नको लागि मिति २०७९/०६/०४ गतेको मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित विद्युतीय शिलवन्दी बोलपत्र आह्वानको सूचना अनुसार तोकिएको म्यादभित्र रितपूर्वक पेश हुन आएका बोलपत्रहरु मूल्यांकन समितिबाट मूल्यांकन हुँदा तपसिलमा उल्लेखित बोलपत्रदाताले पेश गरेको बोलपत्र सबैभन्दा न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भएकोले मूल्यांकन समितिको सिफारिस अनुसार उक्त बोलपत्र स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ सम्बन्धित बोलपत्रदाताको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल :**

| बोलपत्र ठेक्का नं. | कामको विवरण | छनौट भएका बोलपत्रदाताको नाम र ठेगाना | कवोल अंक (मु.अ.क. बाहेक) |
|---|---|---|---|
| BRM/BCW/NCB/03/2079/080 | ७ नं. वडा कार्यालय भवन निर्माण, वडा नं. ७ | तुल्सी जे.डी. कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि., काठमाण्डौं । | रु.९२००८७६.०५ |
| BRM/SCW/NCB/05/2079/080 | खोलेगाडी मिनि स्टेडियम निर्माण कार्य, वडा नं. २ | भगतवीमाई कन्स्ट्रक्सन, कालिकोट । | रु.२०१४९५६.०० |
| BRM/RCW/NCB/08/2079/080 | जुम्लाकाफल थुवाँ वडालेक कचाली सडक स्तरोन्नती, वडा नं. ५ | भगतवीमाई कन्स्ट्रक्सन, कालिकोट । | रु.५१०६७०७.५० |

**प्रमुख प्रशासकीय अधिकृत**

## उर्लाबारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**उर्लाबारी, मोरङ**
**१ नं प्रदेश, नेपाल**

### स्वेच्छिक जग्गा दान गुनासो सम्वन्धी सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०७९।०७।२०)**

यस उर्लाबारी नगरपालिकामा कार्यान्वयन हुने नेपाल शहरी शासकीय तथा पूर्वाधार आयोजना (NUGIP) द्वारा स्तरोन्नती हुन गइरहेको वर्षौ देखि चलन चल्तिको (Existing) सडक उर्लाबारी-३ कृष्णचौक देखि सुनझोडा सामुदायिक वनसम्मको बाटोको स्तरोन्नतिका क्रममा पर्ने उर्लाबारी नगरपालिकाको वडा नं. २ र ३ का जग्गाको कित्ताहरु मध्येबाट ४० फिट सडक चौडा कायम गर्न जग्गाधनीहरुले स्वेच्छिक दान दिने उर्लाबारी नगरपालिकासँग विभिन्न समयमा सहमति गरिए अनुसार स्वेच्छिक जग्गा दान सम्बन्धमा जग्गाधनीको कुनै गुनासो भएको भए वडा कार्यालय मार्फत नगरपालिकाद्वारा गठित प्रथम तहको गुनासो सुनुवाइ समिति (Grievance Redress Committee) समक्ष आ-आफ्नो गुनासो जानकारी गराउन यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र वडा कार्यालयमा सम्पर्क गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ ।

**पुनश्चः**

१. आयोजना एवंम स्वेच्छिक जग्गा दान सम्बन्धि कुनै गुनासो सम्बन्धित वडा कार्यालय वा नगरपालिकाको नेपाल शहरी शासकिय तथा पुर्वाधार आयोजनाका सम्पर्क व्यक्ति (Focal Person) वा गुनासो सुनुवाई समितिका संयोजक वडा नं. २ का वडा अध्यक्ष श्री कुमार कडेल वा समितिका सदस्य समक्ष लिखित वा आयोजनाद्वारा तयार गरिएको निर्दिष्ट ढाचामा निवेदन दिन सकिने ।

२. नापी कार्यालयको रेर्कडबाट सडकलाई स्वेच्छिक दान गरिएको र सम्बन्धित दान गरेको स्थानमा व्यक्तिको अनुपस्थिति रहेको भए त्यस्ता जग्गाधनीहरुले विद्युतीय माध्यमबाट विद्युतीय ठेगानामा पत्राचार गरी जानकारी दिन सकिने ।

इमेल ठेगानाः urlabarinagarpalika@gmail.com

३. स्वेच्छिक जग्गा दान सम्बन्धमा जग्गाधनीको कुनै किसिमको असमर्थता भएको भए गुनासो सुनुवाई समिति समक्ष लिखित जानकारी गराउन सकिन्छ ।

**प्रमुख प्रशासकीय अधिकृत**

# आईएनएफ नेपालको ७० औं वार्षिकोत्सव सम्पन्न

**पवन जायसवाल/मध्यान्ह**
नेपालगन्ज, १९ कात्तिक




आई.एन.एफ नेपालले आफ्नो ७० औं वार्षिकोत्सव विभिन्न कार्यक्रमका साथ साइनिङ्ग अस्पताल मानपुरको परिसरमा मनाएको छ ।

जानकी गाउँपालिकाका प्रमुख तथा कार्यक्रमका प्रमुख अतिथि छब्बन खाँले पानसमा बत्ती बाली र फूलको बिरुवामा पानी हालेर कार्यक्रमको उद्घाटन गरेका थिए ।

उद्घाटन गर्दै खाँले भने, 'आफ्नो आमा बुबाले यस्तो कुष्टरोग आफ्नै छोरा छोरीलाई राम्रोसँग व्यवहार नगरेको पनि देखिन्छ तर जानकी गाउँपालिका वडा नं.-३ मानपुरमा आई.एन.एफ नेपालद्वारा सञ्चालित साइनिङ्ग अस्पतालका डाक्टरहरुले आफ्ना आमाबुबा भन्दा बढी माया गरी वर्षौ सम्म उपचार गर्नुहुन्छ ।'

उनले संस्थालाईए जानकी गाउँपालिकाबाट हुने सहयोग गर्ने प्रतिवद्धता व्यक्त गरेका छन् ।

शकुन्तला सुवेदीद्वारा सञ्चालित, आई.एन.एफ नेपालका अध्यक्ष रामचन्द्र तिमोथीको अध्यक्षतामा, लुम्बिनी प्रदेश स्वास्थ्य निर्देशनालयका स्वास्थ्य निर्देशक डा. बिनोद कुमार गिरीको विशिष्ट आतिथ्यिमा सम्पन्न भएको कार्यक्रममा आई.एन.एफ नेपालका कार्यकारिणी समितिका उपाध्यक्ष राजेन्द्र अधिकारीले स्वागत मन्तव्य व्यक्त गरेका थिए ।

यसरी सो कार्यक्रममा आई.एन.एफ नेपालको संस्थागतको परिचयबारे जानकारी आई.एन.एफ नेपालका कार्यकारी कृष्ण बहादुर अधिकारीले गराएका थिए ।

आई.एन.एफ नेपालको स्वास्थ्य सेवाकोबारे जानकारी मेडिकल सर्भिसेज डाईरेक्टर डा.अरुण कुमार बुढाले गराएका थिए ।

आई.एन.एफ नेपालले नेपालमा पोखरादेखि आफ्नो कार्यको शुरुवात गरेको हो । हाल नेपालको विभिन्न ठाउँमा सेवा दिँदै आएको छ । सो कार्यक्रममा आई.एन.एफ.नेपाललाई समय-समयमा सहयोग पुऱ्याउने सरकारी तथा गैरसरकारीसँग संस्थाहरुलाई कृतज्ञता-पत्रद्वारा र मायाको चिनोद्वारा सम्मान गरिएको थियो । सम्मानित हुनेहरुमा जानकी गाउँपालिका, लुम्बिनी प्रदेश स्वास्थ्य निर्देशनालय, भेरी अस्पताल नेपालगन्ज, जिल्ला समन्वय समिति बाँके, जिल्ला प्रशासन कार्यालय बाँके, जानकी गाउँपालिका वडा नं.-३, स्वास्थ्य कार्यलाय बाँके, स्वास्थ्य कार्यलाय बर्दिया, नेपालगन्ज उप-महानगरपालिका, औषधी व्यवस्था कार्यालय बाँके, ईलाका प्रहरी कार्यालय जानकी-३ बाँकेलाई सम्मान गरिएको थियो ।

यसरी कदर पत्रद्वारा गैर सरकारी संस्था बाँके, माइती नेपाल, नेपाल क्षयरोग निावारण संस्था बाँके, डेक नेपाल, टिबी नेपाल, मिलाप नेपाल, कान्तिपुर राष्ट्रिय दैनिक, हाम्रो समाचार दैनिक, कालपृष्ठ दैनिक, कृष्णसार एफ.एम, दैनिक नेपालगन्ज, स्थानीय जेष्ठ नागरिक अमर सिंह ठाकुर (अमर दास),लगायत १८ वठा संघसंस्थाहरुलाई कदर-पत्रद्वारा सम्मान गरिएको थियो ।

आई.एन.एफ.नेपालद्वारा सञ्चालित साइनिङ्ग अस्पतालका उत्कृष्ट काम गर्ने कर्मचारीहरुलाई मायाको चिनोसहित सम्मान-पत्र प्रदान गरिएको थियो ।

सम्मानित कर्मचारीहरुमा साइनिङ्ग अस्पतालका इन्चार्ज मंगलबहादुर थारु, याम बहादुर खत्री, अविशेक बिक, मीना महतो, दिपक कुमार थारु, जय बहादुर मल्ल, बसन्त कुमार रावत, कल बहादुर, राजु घर्तीमगर, जयसरा बुढा, निर्दोष ढकाल, चुल्लु चौधरी, नरेन्द्र बहादुर साउद, सिर्जना रानामगर, चन्द्र बाहदुर गुरुङ,पूर्णिमा चौधरी, हिरा कुमारी रावत, गौरी खढका लगायतलाई सम्मान गरिएको थियो ।

